# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक २९१ | काठमाडौं | सोमबार, ८ फागुन २०७९ | Prabhab National Daily | Monday, February 20, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**प्रजातन्त्रका आधारभूत पक्षहरू**

- संवैधानिक सर्वोच्चता - मौलिक हक
- बहुलवाद - मानवअधिकार
- प्रतिस्पर्धा - पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- विधिको शासन - सामाजिक न्याय तथा समावेशीकरण
- शक्ति पृथकीकरण - आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# जो राष्ट्रपतिको चर्चामा छन्

सत्तारूढ गठबन्धन र प्रमुख विपक्षी दल नेपाली कांग्रेसबाट पार्टीको पहिलोसँगै दोस्रो-तेस्रो तहसम्मका नेताहरूका नाम सम्भावित राष्ट्रपतिको उम्मेदवारका रूपमा आइरहेको भए पनि दुवै पक्षबाट स्पष्ट नाम आउन सकेको छैन

■ **जेबी योञ्जन**

**काठमाडौं–** २५ फागुनमा तय भएको राष्ट्रपति निर्वाचन हुन अझै अढाइ साता बाँकी छ। राष्ट्रपतिका सम्भावित उम्मेदवारहरूको नाम भने फटाफट सार्वजनिक भइरहेका छन् । सत्तारूढ गठबन्धन र प्रमुख विपक्षी दल नेपाली कांग्रेसबाट पार्टीको पहिलोसँगै दोस्रोदेखि तेस्रो तहसम्मका नेताहरूको नाम सम्भावित राष्ट्रपतिको उम्मेदवारका रूपमा आइरहेका हुन् ।

सत्ता गठबन्धनबाट एमालेले १० पुसमा भनिएको समझदारीका आधारमा राष्ट्रपतिको उम्मेदवार उठाउने तयारी गरिरहेको छ । उम्मेदवारको टुंगो लाग्न भने बाँकी छ। सम्भावित उम्मेदवारहरूको नाम भने चर्चामा आइरहेका छन् ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रपति निर्वाचनमा आफ्नो उम्मेदवार विजयी हुने दाबी गरिरहेका छन् । गठबन्धनको सहमतिअनुसार राष्ट्रपति निर्वाचनमा माओवादीले धोका नदिनेमा ढुक्क देखिन्छन् । 'राष्ट्रपतिको चुनावमा माओवादीले साथ दिँदैन कि भन्ने कल्पना नै नगर्नूस् । सबै कुरा पहिला नै फिक्स भइसकेको छ,' ओलीले आइतबार विराटनगर विमानस्थलमा पत्रकारहरूसँग भने ।

राष्ट्रपति निर्वाचनमा उम्मेदवार उठाउने निर्णय गरिसकेको कांग्रेसले पनि उम्मेदवारको टुंगो भने लगाएको छैन । तर, राष्ट्रिय सहमति जुटाउन सकिने व्यक्तिलाई राष्ट्रपतिको उम्मेदवार बनाउने नेताहरूको भनाइ छ । कांग्रेसले नेकपा माओवादी केन्द्रले साथ दिने आशाका आधारमा उम्मेदवार बनाउने भएको हो । यसबारे कांग्रेस सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री गगन थापा र नेता कृष्णप्रसाद सिटौलाले आइतबार राति बालुवाटारमा प्रधानमन्त्री दाहालसँग थप छलफल गरेका छन् ।

दाहालले आज (सोमबार) बस्नेगरी सर्वदलीय बैठक आह्वान गरिसकेका छन् । उनी कांग्रेसबाट राष्ट्रपति बनाउनेगरी बारम्बार राष्ट्रिय सहमतिका आधारमा राष्ट्रपति हुनुपर्ने बताउँदै आएका छन् । त्यही भएर दाहालले आज राष्ट्रपतिमा सहमति जुटाउन भन्दै सर्वदलीय बैठक बोलाएको उनको सचिवालयले जनाएको छ । राष्ट्रपतिका लागि प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका विभिन्न दलका नेताहरूको पनि नाम आइरहेका छन् ।



**केपी शर्मा ओली**

प्रतिनिधिसभाको दोस्रो दल एमालेका अध्यक्ष ओलीलाई राष्ट्रपतिका लागि प्रधानमन्त्री पुष्पकमल दाहालले प्रस्ताव गरेको विवरणहरू आइरहेका छन् । यसबारे ओलीको धारणा सार्वजनिक भइसकेको छैन । तर, ओली भने राष्ट्रपति हुन तयार छैनन् । बरू, कार्यकारी भूमिका रहेको प्रधानमन्त्री फेरि बन्ने ओलीको चाहना छ । यसअघि पटक-पटक उनी प्रधानमन्त्री भइसकेका छन् । उनी आफूप्रति पूर्णरूपमा बफादार नेतालाई राष्ट्रपति बनाउने पक्षमा छन् । र, वर्तमान सत्ता गठबन्धन जोगियो र १० पुसमा भएको भनिएको सहमति पालना भए अढाइ वर्षपछि आलोपालोअनुसार प्रधानमन्त्री नै हुने छन् ।

**शेरबहादुर देउवा**

१० पुसमा कांग्रेस नेतृत्वमै रहेको तत्कालीन सत्ता गठबन्धन नभत्किएको भए देउवा छैटौंपटक प्रधानमन्त्री भइसकेका हुने थिए । गठबन्धन भत्किनुको कारण राज्यशक्तिको महत्त्वपूर्ण पदहरू प्रधानमन्त्रीसहित राष्ट्रपति लिने 'बटमलाइन'बाट बनाउनु हो । जसकारण माओवादी केन्द्रका अध्यक्ष दाहाल ओलीसँग सहकार्य गर्दै नयाँ गठबन्धन बनाएर प्रधानमन्त्री भए ।

उनै देउवालाई पार्टी महामन्त्रीसमेत रहेका सांसद विश्व प्रकाश शर्माले राष्ट्रपति हुन सार्वजनिक समारोहबाट आग्रह गरेका छन् । देउवाको प्रतिक्रिया आउन बाँकी छ । आइतबार सुर्खेतमा पार्टीको जिल्लास्तरीय भेलालाई सम्बोधन गर्दै शर्माले भने, 'सभापति शेरबहादुर देउवालाई नै बनाउने हो कि भनेर सोच्दैछौं र मेरो उहाँलाई आग्रह छ कि तपाईं राष्ट्रपति बन्नुहोस् ।'

आफ्ना ज्योतिषले भनेअनुसार देउवा सातौंपटकसम्म प्रधानमन्त्री हुने दाउमा छन् । हुन पनि वर्तमान गठबन्धन भत्कियो र दाहालले संसद्मा विश्वासको मत नपाएको अवस्थामा संविधानको धारा ७६ को (३) अनुसार ठूलो पार्टीको संसदीय दलको नेताको हैसियतमा देउवा नै प्रधानमन्त्री हुने हुन् । यसकारण पनि देउवा राष्ट्रपति नबन्न सक्ने राजनीतिकवृत्तमा चर्चा सुनिन्छ । तर, यदि दाहाल नेतृत्वको दल माओवादीले निर्वाचनमा मतदान गरेन भने देउवा नै राष्ट्रपतिको उम्मेदवार बने पनि चुनाव हार्न सक्छन् ।

**सुवासचन्द्र नेम्बाङ**

कानुनमन्त्रीसमेत भइसकेका नेम्बाङ पुनःस्थापित प्रतिनिधिसभाको सभामुख हुँदै पहिलो र दोस्रो संविधानसभाका अध्यक्ष भए । हाल एमाले उपाध्यक्ष रहेका नेम्बाङलाई पनि राष्ट्रपतिको सम्भावित उम्मेदवारको रूपमा हेरिएको छ । (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

## कोरियाले मौसमी कामदारमा नेपालीलाई नलिने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मौसमी कामदारको अधिक माग रहेका मुलुक दक्षिण कोरियाले नेपाली कामदारलाई नलिने निर्णय गरेको छ । यसअघि कोरिया पुगेका अधिकांश नेपालीहरू नफर्किएको भन्दै त्यहाँको मौसमी कामदारसम्बन्धी अध्यागमन विभागले नेपालीहरूलाई मौसमी कामदारको रूपमा भित्र्याउन प्रतिबन्ध लगाउने निर्णय गरेको हो ।

अध्यागमन विभागले मौसमी कामदारको रूपमा कोरिया पुगेका झण्डै ८० प्रतिशत नेपाली कामदार स्वदेश नफर्किएको उल्लेख गरेको छ। विभागका निर्देशक इसुङ्हचनले अधिकांश नेपालीहरू सम्झौता अवधि पुरा भए पनि कार्यस्थल छोडेर कोरियामा नै काम गरिरहेको पाइएकाले नेपालबाट मौसमी कामदारका लागि तीन वर्षको प्रतिबन्ध लगाइएको बताएका छन् । कोरियाको श्रम कानुनमा कुनै पनि मुलुकबाट मौसमी कामदारको रूपमा कोरिया प्रवेश गरी ७० प्रतिशतभन्दा बढी व्यक्तिहरू अवैधरूपमा बसेको पाइए त्यस्ता मुलुकबाट मौसमी कामदार नभित्र्याउने व्यवस्था रहेको छ ।

मौसमी कामदारको रूपमा कोरिया पुगेका अधिकांश नेपालीहरू स्वदेश नफर्किएपछि आगामी तीन बर्षलाई प्रतिबन्ध लगाउनुपरेको अध्यागमनले जनाएको छ । अध्यागमनले लिएको निर्णयबाट वैदेशिक रोजगारीका लागि मौसमी कामदारको रूपमा कोरिया जाने तयारीमा रहेका थुप्रै नेपालीहरू प्रभावित हुने देखिएको छ । यद्यपि, कोरियन नागरिकसँग विवाह गरेका नेपालीका आफन्तलाई भने मौसमी कामदारको रूपमा कोरिया जानसक्ने ढोका खुलै राखिएको छ । उनीहरूले आफ्नो आफन्तलाई मौसमी कामदारको रूपमा ल्याउन अध्यागमनले छुट दिएको छ । त्यसरी कोरियन नागरिकसँग विवाह भएका नेपालीहरूले आफ्नो दाजुभाई, दाजुभाइका छोराछोरी, आमाको दाजुभाईको छोराछोरी र बुबातर्फका दाजुभाइको छोराछोरीलाई मौसमी कामदारको रूपमा कोरिया भित्र्याउन सक्ने छन् ।

नेपाल सरकारले हालसालै मात्र छोटो अवधिको लागि वैदेशिक रोजगारीमा जाने 'मौसमी कामदार व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७९' जारी गर्दै नेपालीहरूलाई कोरिया पठाउने तयारी गरेको थियो । यहीबीचमा कोरियाले नेपालबाट मौसमी कामदार तीन वर्षका लागि नलैजाने निर्णय गरेको छ । सरकारले निर्देशिकामार्फत मौसमी कामदार पठाउने अधिकार स्थानीय तहलाई सुम्पिएको छ । मौसमी कामका लागि नेपालीहरू विदेशिने र ठगिने क्रम बढ्न थालेपछि शून्य लागतमा मौसमी कामदारलाई गन्तव्य मुलुकमा पठाउने व्यवस्थासहित सरकारले निर्देशिका जारी गरेको हो ।



श्रम, रोजगार तथा सामजिक सुरक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले मौसमी कामदार लिने वा नलिने भन्नेबारे कुनै आधिकारिक जानकारी नभएको बताए । 'यसबारे बाहिर हल्ला सुने पनि आधिकारिक जानकारी नभएसम्म प्रतिक्रिया दिनु हतार हन्छ,' उनले भने, 'यदि त्यस्तो केही भए सरकारले पनि एकखाले कार्यविधि बनाएको छ, आपसी छलफल र समझदारीबाट समस्या हल गर्ने प्रयास भइहाल्छ ।'

कोरिया मात्र नभएर बेलायतले समेत नेपालबाट यस वर्ष मौसमी कामदार नलिने निर्णय गरेको छ । बेलायतमा मौसमी कामदार भित्र्याउन अनुमति पाएको पाँचवटा कम्पनीले नेपालबाट कामदार नलिने घोषणा गरिसकेका छन् । ती कम्पनीहरूले बेलायतको अध्यागमन विभागलाई उद्धृत गर्दै नेपालीहरू स्वदेशमै शोषणमा पर्ने गरेको कारण मौसमी कामदारको रूपमा भित्र्याउन नसकिने उल्लेख गरेका छन् ।

## एजेण्ट हटाउने मलेसियाको तयारी

**काठमाडौं (प्रस)–** मलेसिया सरकारले सरकारी तवरबाटै आप्रवासी कामदार भित्र्याउने संकेत देखाएको छ । निजी कम्पनी वा एजेण्टहरूमार्फत कामदार लिँदा चर्को भर्ना शुल्कलगायतका विषयमा प्रश्न उठेपछि सरकारले सिधै कामदार लिने प्रक्रिया अघि बढाउने तयारी थालेको छ ।

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले गत शुक्रबार गरेको एक सम्बोधनमा विदेशी कामदार भित्र्याउन कुनै एजेण्ट नराखी सीधै लिने प्रक्रिया स्थापित गर्नुपर्ने बताएको त्यहाँको प्रतिष्ठित सरकारी सञ्चारमाध्यम बर्नमाले उल्लेख गरेको छ । प्रधानमन्त्री इब्राहिमको उक्त भनाइपछि मानव संशाधनमन्त्री शिवकुमारले पनि रोजगारीका लागि मलेसिया आउने विदेशी कामदार शोषणमा नपरुन् भन्ने उद्देश्यले काम भइरहेको बताएका छन् । यसका लागि मलेसिया सरकारले विभिन्न उपायहरूको खोजी गरिहेको बर्नमाले जनाएको छ ।

आप्रवासी कामदारको अभाव झेलिरहेको मलेसियाले सरकारी तवरबाटै कामदार भर्ना प्रक्रिया सहज बनाउन गृहमन्त्री सैफुद्धिन नासुसन इस्माइलले विभिन्न मुलुकको भ्रमण गरेको जनाइएको छ । गृहमन्त्री इस्माइलले केही समय अघिमात्रै कामदार पठाउने मुलुक नेपाल, इण्डोनेसिया र बंगलादेशको भ्रमण गरेका थिए । मानव संशाधनमन्त्री शिवकुमारले पनि बीचमा एजेण्ट हुँदा श्रमिकको लागत खर्च महँगो परिरहेको र यसको अन्य विकल्प खोजी गरिएको बताउँदै दुई देशको सरकारी तवरबाट नै कामदार लिने तयारीमा रहेको बताएको समाचारमा जनाइएको छ ।

मलेसियाको रोजगारदाताहरूको संगठन फेडेरेसन अफ मलेसियन म्यानुफ्याक्चरर्स (एफएमएम) ले विदेशी कामदार लिने प्रक्रियामा स्रोत मुलुकमा एजेण्टहरूको संलग्नतालाई हटाउने प्रधानमन्त्री इब्राहिमको भनाइलाई स्वागत गरेको बर्नमाले उल्लेख गरेको छ ।




## तस्बिरमा राष्ट्रिय प्रजातन्त्र दिवस







१) ७३औं राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा काठमाडौंको टुँडिखेलमा आइतबार आयोजित विशेष समारोहमा सहभागी राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री पुष्पकमल दाहालगायत विशिष्ट अतिथिहरू ।
२) टुँडिखेल आयोजित कार्यक्रममा सहिदहरूप्रति मौनधारण गरी सम्मान व्यक्त गर्दै ।
३) प्रजातन्त्र दिवसको अवसरमा आइतबार बिहान सर्लाही सदरमुकाम मलंगवामा निकालिएको पदयात्रा ।

*तस्बिरहरू: रासस*

# ‘विकास र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा हुन्छ’

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** प्रधानमन्त्री पुष्पकमल दाहालले विकास र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा हुने बताएका छन् । राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा आइतबार टुँडिखेलमा आयोजित विशेष समारोहमा उनले सो कुरा बताएका हुन् ।

‘लोकतन्त्र र लोकतान्त्रिक प्रणालीलाई थप सुदृढ गर्दै दशकौंदेखिको नेपाल र नेपाली जनताको विकास तथा समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्न सकिन्छ,’ उनले भने । उपेक्षित, उत्पीडित, सीमान्तकृत एवं विभेदमा पारिएका वर्ग, जाति, क्षेत्र, लिंग र समुदायको राज्यमा समानुपातिक प्रतिनिधित्व एवं आर्थिक जीवनमा गुणात्मक रूपान्तरणको माध्यमबाट मात्र सामाजिक न्यायको प्रत्याभूत गर्न, सुशासन र समृद्धिलाई गति दिन सकिने प्रधानमन्त्री दाहालको भनाइ थियो । उनले फागुन ७ गते नेपाल र नेपाली जनताका निम्ति ऐतिहासिक महत्त्वको दिन भएको बताए । प्रधानमन्त्री दाहालले आजभन्दा ७३ वर्ष अगाडि हाम्रा पुर्खाले प्रजातान्त्रिक अधिकारका निम्ति जीवनमरणको संघर्षमार्फत जहानियाँ निरंकुश व्यवस्थामाथि विजय हासिल गरेको उल्लेख गरे ।

उनले भने, ‘निरंकुश जहानियाँ राणाशासनको अन्त्य गर्दै प्रजातन्त्रको स्थापना गर्ने नेपाली जनताको बलिदानीपूर्ण संघर्षदेखि वर्तमानसम्म देशमा निकै ठूला क्रान्ति, आन्दोलन र संघर्ष भएका छन् । ती सबै क्रान्ति, आन्दोलन र संघर्षले लोकतन्त्र, शान्ति, अग्रगमन, सामाजिक न्याय र आर्थिक-सामाजिक रूपान्तरणका निम्ति ऐतिहासिक भूमिका निर्वाह गरेका छन् ।’ प्रधानमन्त्री दाहालले यस ऐतिहासिक अवसरमा ती सबै आन्दोलनप्रति उच्च सम्मान व्यक्त गर्दै समाजवादोन्मुख राज्यको आधार तयार पार्ने राष्ट्रिय कार्यभारमा एकजुट भएर लाग्न सम्पूर्ण जनसमुदायमा अपिल गरेका छन् । लोकतन्त्रका राजनीतिक, आर्थिक र सामाजिक आयामको उच्चतम तथा परिष्कृत अभ्यासबाट मात्र जनस्तरमा लोकतन्त्रप्रतिको गहिरो विश्वास, आत्मीयता एवं व्यवस्थाको रक्षा तथा निरन्तर विकासका निम्ति अपनत्वबोध पैदा हुने उनले बताए ।

सैनिक मञ्च टुँडिखेलमा आयोजित उक्त समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुन, सर्वोच्च अदालतका कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की र प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेलगायतको उपस्थिति थियो ।

## जो राष्ट्रपतिको...

पृष्ठ १ बाट जारी

उनी आफैंले भने राष्ट्रपतिको उम्मेदवार बन्ने भनेर मुख खोलेका छैनन् । आदिवासी जनजाति समुदायका नेतालाई राष्ट्रपतिको उम्मेदवार एमालेले बनाएको अवस्थामा उनकै बढी सम्भावना हुन सक्ने ठानिन्छ । फेरि, उनले प्रतिनिधिसभा विघटन पटक- पटक गरेका ओलीको खुलेर प्रतिरक्षा गरेका थिए ।

### रामचन्द्र पौडेल

पहिलो संविधानसभा विघटन हुनुभन्दा ठीक अघि प्रधानमन्त्रीको दौडमा सर्वाधिक १७ पटकसम्म निस्केका कांग्रेस नेता हुन्- रामचन्द्र पौडेल । पूर्वसभामुखसमेत रहेका पौडेल हाल कांग्रेसका वरिष्ठ नेता छन् । उनले १० पुसको मध्याह्नसम्मै राष्ट्रपतिका लागि देउवालाई दबाब दिएका थिए । तर, गठबन्धन नै भत्किएपछि कांग्रेसले राजनीतिकरूपमा प्राप्त गर्ने सबै लाभ गुमायो । पौडेल चिन्तित भए । उनै पौडेललाई पनि भावी राष्ट्रपतिको हेरिएको छ । उनी कांग्रेसभित्र उत्तरी छिमेकी देश चीनले पनि ठिकै मानिने नेता हुन् । प्रधानमन्त्री दाहालले राष्ट्रिय सहमतिका आधारमा राष्ट्रपति निर्वाचन हुनुपर्छ भनेपछि पौडेलले राष्ट्रपतिको चाहना राख्दै आएका छन् ।

### ईश्वर पोखरेल

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल राष्ट्रपतिको दौडमा एमालेबाट अघि छन् । उनलाई पार्टी अध्यक्ष ओलीको पूरापूर साथ छ । प्रधानमन्त्री दाहालले भने उनलाई राष्ट्रपतिमा रुचाएका छैनन् । किनभने तत्कालीन नेकपा हुँदा पोखरेल दुई अध्यक्षात्मक प्रणालीको विरोध गर्ने नेता थिए । दाहाललाई कार्यकारी अध्यक्ष बनाउने विषयमा पनि उनको आपत्ति थियो । तर, पनि पटक-पटक उपप्रधानमन्त्री भएका पोखरेललाई राष्ट्रपति बनाएर थन्क्याउने ओलीको चाहना छ ।

### कृष्णप्रसाद सिटौला

शान्ति प्रक्रियामा तत्कालीन विद्रोही नेकपा माओवादीलाई ल्याउन सूत्रधारको भूमिका निर्वाह गर्ने एक जना नेताको रूपमा सिटौलालाई चिनिन्छ । लगातार पछिल्ला दुईवटा निर्वाचनमा हार बेहोरेपछि राजनीतिक जीवन ओझेलमा परेका सिटौलालाई कांग्रेसबाट सशक्त राष्ट्रपतिको उम्मेदवारको रूपमा हेरिएको छ । हालै नेपाल भ्रमणका आएका भारतीय विदेशसचिव विनयमोहन क्वात्राले पनि सिटौलालाई राष्ट्रपतिका लागि राजनीतिक नेतृत्वहरूलाई दबाब दिएको सुनिन थालिएको छ । नेपालको आन्तरिक राजनीतिमा जहिल्यै कुनै न कुनै ‘स्पेस’ लिँदै आएको भारतको निकट नेतामा सिटौला पर्छन् । यसकारण, कांग्रेसले उम्मेदवार बनाए र माओवादीले मत दिएको अवस्थामा सिटौला गणतन्त्र नेपालको तेस्रो राष्ट्रपति नहोलान् भन्न सकिँदैन ।

### अष्टलक्ष्मी शाक्य

देशकै पहिलो महिला मुख्यमन्त्री हुन्- एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्य । वामपन्थी आन्दोलनको एक जना शिखर महिला नेतृ शाक्य राष्ट्रपति पदका सम्भावित एमाले उम्मेदवार हुन् । उनले पार्टीले उम्मेदवार बनाउने निर्णय गरेको अवस्थामा पछि नहट्ने भनिसकेकी छन् । गत वर्षको भदौमा एमाले विभाजन हुँदा उनी विभाजनको पक्षमा लागिनन् । ओलीलाई साथ दिइन् । आदिवासी जनजाति नेवार समुदायको भएका कारण राष्ट्रपति हुन सक्ने सम्भावना उनको रहेको चर्चा छ । हुन पनि हालसम्म मधेसी समुदायबाट पहिलो राष्ट्रपति डा. रामवरण यादव भए । खस-आर्य तथा महिलाबाट वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी दुईपटक भइसकिन् । यस आधारमा अबको राष्ट्रपति आदिवासी जनजाति समुदायबाट बनाउन एमालेले शाक्यलाई उम्मेदवार बनाए र माओवादीले गठबन्धनको इमानदारिता कायम राखे उनी राष्ट्रपति हुन सक्छिन् ।

### गोपालमान श्रेष्ठ

कांग्रेसमा सभापति देउवालाई पार्टी विभाजन गरेर नेपाली कांग्रेस प्रजातान्त्रिक गठन गर्दा पनि साथ दिने नेताका रूपमा श्रेष्ठ चिनिन्छन् । उपप्रधानमन्त्रीसमेत भइसकेका श्रेष्ठलाई पनि भावी राष्ट्रपतिको उम्मेदवारको रूपमा हेरिएको छ । कांग्रेस महामन्त्री शर्माले आइतबार सुर्खेतमा जनजाति समुदायबाट राष्ट्रपतिको उम्मेदवार उठाउने भए श्रेष्ठ पहिलो नम्बरमा हुने बताए । श्रेष्ठको पनि राष्ट्रपतिको उम्मेदवार हुने चाहना छ ।

### छविलाल विश्वकर्मा

ओलीको दल एमालेका सचिव विश्वकर्मालाई पनि राष्ट्रपतिको सम्भावित उम्मेदवारको रूपमा हेरिएको छ । ओली कित्तामा रहेर लामो समयदेखि राजनीति गर्दै आएका विश्वकर्माजत्तिका उच्च तहका दलित नेता एमालेमा छैनन् । उनी यसअघि देखि नै सम्भावित राष्ट्रपतिको उम्मेदवारको रूपमा चर्चामा छन् ।

### मानबहादुर विश्वकर्मा

प्रजातान्त्रिक आन्दोलनका एक जना अगुवासमेत रहेका विश्वकर्मा कांग्रेस नेता हुन् । उनकै दलका महामन्त्री शर्माले दलितबाट राष्ट्रपतिको उम्मेदवार पार्टीले बनाउने अवस्थामा विश्वकर्मा हुने बताइसकेका छन् । यसअघि भने राष्ट्रपतिको सम्भावित उम्मेदवारको रूपमा उनको नाम सुनिएको थिएन ।

### डा. बाबुराम भट्टराई

नेपाल समाजवादी पार्टी (नेसपा)का अध्यक्ष भट्टराई पूर्वप्रधानमन्त्री हुन् । उनलाई पनि राष्ट्रपतिको सम्भावित उम्मेदवारको रूपमा हेरिएको छ । पूर्वमाओवादी नेता उनलाई प्रधानमन्त्री दाहालको पनि राष्ट्रपति बनाउने चाहना छ । उनी राष्ट्रपति भए आफूलाई सहज हुने दाहालको विश्लेषण छ । दाहाल-भट्टराई जनयुद्धका सहयोद्धासमेत हुन् ।

### माधवकुमार नेपाल

पूर्वप्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादीका अध्यक्ष नेपाललाई ८ पुसमा बालुवाटारमा भएको तत्कालीन गठबन्धन दलहरूबीचको छलफलमा राष्ट्रपति बनाउने प्रसंग उठेको थियो । यदि, त्यसबेला सहमति भएको भए र गठबन्धन टिकेको भए उनी यतिबेला राष्ट्रपतिको उम्मेदवारको रूपमा चर्चामा हुन्थे । अहिले पनि गाइँगुइँ उनी राष्ट्रपतिको सम्भावित उम्मेदवारको रूपमा चर्चामै छन् ।

### महन्थ ठाकुर

मधेसवादी दल लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष ठाकुर मधेसका अग्ला कदका नेता हुन् । भारतीय विदेश सचिव क्वात्राले ठाकुरलाई राष्ट्रपति बनाउन नेतृत्व तहमा ‘ लबिइङ’ गरेको पनि सुनिन थालिएको छ । राष्ट्रिय राजनीतिमा लामो समयदेखि प्रभावशाली ठाकुर पनि कांग्रेसका सिटौला जसरी भारतको संस्थापन पक्षसँग नजिक रहेको विश्लेषण हुने गरेको छ ।

### नारायणमान बिजुक्छे

वामपन्थभित्र पनि भिन्न धारमा रहेको दल नेपाल मजदुर किसान पार्टीका अध्यक्ष बिजुक्छेलाई भेट्न गत मध्य माघमा राष्ट्रपति विद्यादेवी भण्डारी सूर्यविनायकस्थित उनकै घर गइन् । भेटपछि कतै बिजुक्छेलाई एमालेले राष्ट्रपतिको उम्मेदवार त बनाउँदैन ? राजनीतिक वृत्तमा बहस छेडियो । पटक-पटक सांसद भएर पनि सत्तामा आउन नचाहेका उनी बेदागी वापमन्थी नेता हुन् । तर, उनले भने राष्ट्रपतिको उम्मेदवार हुनेबारे सार्वजनिक रूपमा अभिव्यक्ति दिएका छैनन् ।

---



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

फागुन ८ गते, सोमबार

| राशि | फल |
|---|---|
| मेष | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| वृष | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| मिथुन | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| कर्कट | अरुले आलोचना पनि गर्न सक्छन् । |
| सिंह | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| कन्या | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| तुला | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| वृश्चिक | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| धनु | असर पर्नसक्छ |
| मकर | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| कुम्भ | परोपकारमा रुचि बढ्नेछ । |
| मीन | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

### प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

### अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

### शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

### नेपाल राष्ट्र बैंक

फागुन ८ गते, २०७९, २० फेब्रुअरी, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# जोखिममा महिला मानव अधिकार

■ कालिका खड्का




तस्बिरः रासस

**काठमाडौं–** सन् २०२२ मा नेपालमा महिलाको मानव अधिकारको अवस्था कमजोर देखिएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३' मा देशभर कूल सात हजार ३७६ घटनामध्ये महिलामाथि हुने हिंसाका घटनामा सबैभन्दा बढी चार हजार २२८ जना पीडित देखिएको छ ।

इन्सेकको आइतबार आयोजित समारोहमा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले सार्वजनिक गरेका उक्त पुस्तकमा महिलाविरुद्धको हिंसामा सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा एक हजार ६२३ घटना भएको देखिएको छ । सुदूरपश्चिम प्रदेशमा ९५६, प्रदेश १ मा ४५७, बागमती प्रदेशमा ४३४, गण्डकी प्रदेशमा ३३७, कर्णाली प्रदेशमा २११ र मधेस प्रदेशमा २१० वटा घटना भएको देखिएको छ ।

त्यसमध्ये मानव बेचबिखनको प्रयासका घटनामा २४, घरेलु हिंसाका घटना तीन हजार ३१, बोक्सीको आरोपमा २३, बलात्कारका घटनामा ५०५, बलात्कार प्रयास १४५, यौन दुर्व्यवहार १४५ र बेचबिखनका घटनामा २४ महिला पीडित भएका छन् । यस वर्ष पारिवारिक हत्याका घटनामा १११ महिला मारिएका छन् भने भनेजति दाइजो नल्याएको आरोपमा एक महिलाको हत्या भएको छ ।

यस्तै दोस्रोमा बाल अधिकारविरुद्धका एक हजार ४५३, कुटपिटका ४४८, अभिव्यक्ति, भेला तथा संगठित हुने अधिकारसम्बन्धीका ४०५, हत्याका ३३२ र घाइतेका २५६ घटना भएका छन् । त्यस्तै गिरफ्तारका ८१, कारागारका ५३, अपहरणका ३५, धम्कीका २७, अमानवीय व्यवहारका २५, जातीय विभेदका २२, यातनाका पाँच, हिरासतमा मृत्युका चार र बेपत्ताका दुई घटना भएका छन् ।

सन् १९८८ देखि मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत इन्सेक संस्थाको सात प्रदेश कार्यालय तथा ७७ जिल्लाका प्रतिनिधिमार्फत इन्सेकका नियमित कार्यक्रम तथा परियोजना सञ्चालन भइरहेका छन् । मानव अधिकार उल्लंघनका घटनालाई अध्ययन अनुगमन गर्नका लागि यसले देशका ७७ जिल्लामा प्रतिनिधिको व्यवस्था गरेको छ ।

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले भने, 'विस्तृत शान्ति सम्झौताको १६ वर्ष बितिसक्दा पनि पीडितले न्याय पाउन सकेका छैनन्, हिंसापीडित न्यायबाट वञ्चित नै रहे पीडकलाई जवाफदेही बनाउने वा पीडितले विधिसम्मतरूपमा क्षमादान दिने इच्छा व्यक्त गरेको अवस्थामा जवाफदेही बनाउने सम्भावित प्रक्रियाका विषयमा सार्वजनिक छलफल भए पनि सार्थक परिणाम निस्किएको छैन ।'

संक्रमणकालीन न्याय निरूपणका लागि गठन गरिएको सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले अहिले पदाधिकारीविहीन अवस्थामा छन् । 'संक्रमणकालीन न्याय निरूपणका लागि सरकार र तत्कालीन माओवादी विद्रोहीका उत्तराधिकारी शक्तिले यस सम्बन्धमा राजनीतिक दृढता नै प्रदर्शन गरे न्याय र परिपूरणका माध्यमले शान्ति प्रक्रियालाई पूरा गरिएन,' इन्सेकको ३१औं वर्ष पुस्तकको बारेमा कुरा गर्दै अध्यक्ष डा. अर्यालले भने, 'लोकतन्त्रका खम्बाका रूपमा स्थापित हुनुपर्ने राज्यका सवैधानिक तथा अन्य महत्त्वपूर्ण निकाय कमजोर बन्दै गए र संस्थागत सुधारको मार्गप्रशस्त हुन सकेन ।'

नेपालले अन्तर्राष्ट्रिय मञ्चमार्फत गरेका प्रतिबद्धता, सन्धि र महासन्धिमा हस्ताक्षर गरी जनाएको ऐक्यबद्धता र नेपालको संविधानले निर्दिष्ट गरेका मानव अधिकारका मूल्य र मान्यतालाई इन्सेकले प्रलेख तथा पैरवीमार्फत थप सुदृढ गराउन भूमिका खेलिरहेको छ । नेपालको न्यायालयको आन्तरिक विवाद र विग्रह मूलतः सत्ता स्वार्थप्रेरित खिचातानीका कारण उत्कर्षमा गरेको र परिणामस्वरूपः न्यायालयप्रति जनआस्था निराशाजनक ढंगले प्रभावित बन्न पुगेको उनको ठहर छ ।

'विधिको शासनको अभ्यासमा पनि प्रतिकूल असर पर्न गयो,' डा. अर्यालले भने, 'नेपालको संविधानले सुनिश्चित गरेको न्यायालयको स्वतन्त्रताको अवस्था व्यवहारमा भने अत्यन्त कमजोर छ ।' सशस्त्र द्वन्द्वको अन्त्य गर्न २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामार्फत गरिएका प्रतिबद्धतामध्ये द्वन्द्वपीडितका न्यायसम्बन्धी सवाल आइतबारसम्म पनि सम्बोधन भएनन् । शान्तिपूर्ण समाज स्थापनाको लक्ष्य पूरा भएको छैन । द्वन्द्वपीडितको न्याय निरूपण, परिपूरण, न्याय तथा संस्थागत सुधारमार्फत द्वन्द्वको शान्तिपूर्ण समाधान गर्नुपर्ने दायित्व जस्ताको तस्तै रहेको वर्ष पुस्तकमा उल्लेख छ ।

संविधान निर्माण भएकै वर्ष ६३औं बाट पाँच स्थान उक्लिएर ५८औं मा पुगेको विधिको शासनसम्बन्धी विश्व सूचकांकमा नेपाल सन् २०२२ सम्म पुग्दा झरेर ५९ मा पुगेको छ । नेपालमा परम्परागत र प्रथाजनित अभ्यास वा अन्धविश्वासका कारण हुँदै आएका उत्पीडन, हत्याका घटनाले यस वर्ष पनि निरन्तरता पाउनु दुःखद् विषय भएको र यस वर्ष घरेलु हिंसा तथा 'बोक्सी'को आरोपमा सामाजका सदस्यबाट हुने हत्याका घटनाबाट खासगरी दुर्गम गाउँका महिलाको जीवनको अधिकारको समेत उल्लंघन भएको पुस्तकमा उल्लेख छ ।

कमजोर अर्थ सामाजिक प्रभाव भएका, महिला र बहिष्करणमा पारिएका समुदायका व्यक्ति पीडित भएका घटनाको उजुरी र सम्बन्धित निकायले गर्नुपर्ने निष्पक्ष छानविन परम्परागत शक्ति सम्बन्धबाट प्रभावित हुने गरेको यथार्थ नखुलेको पुस्तकमा उल्लेख छ । संविधान र कानुनले सुनिश्चित गरेका समानताको उद्देश्यविपरीत भूगोल, वर्ग वा जाति विशेष वा वञ्चितिमा परेका समुदायका लागि व्यवहारमा विद्यमान विभेदका कारण कानुनी प्रक्रिया वा फौजदारी अपराधविरुद्धको न्यायको अधिकार सुनिश्चित हुन सकेको देखिँदैन ।

'राजनीतिक परिप्रेक्ष्यमा जनताको बढ्दो अपेक्षाको बेवास्ता वा संविधानको कार्यान्वयनको दायित्व राज्यका तीनवटै अंगबाट पूरा हुन नसकिरहेको वर्षका रूपमा सन् २०२२ लाई सम्झना गरिने पुस्तकमा लिइनेछ,' अध्यक्ष डा. अर्यालले भने, 'राजनीतिक अन्योल, अस्थिरता, राजनीतिक दल, संसद् तथा सरकारको इच्छाशक्तिको अभावका कारण शान्ति सम्झौताको बाँकी रहेको कार्यभार पूरा हुन सकेन ।'

राजनीतिक दलको वैचारिक, सांगठनिक समस्या वा जनताका खास मुद्दासँगको विच्छेदको अवस्था र आन्तरिक विग्रहको प्रभाव संसद्, सरकार र न्यायालयमा पनि परेको पुस्तकमा उल्लेख छ । राजनीतिक अस्थिरता र सरकारको इच्छाशक्तिको अभावका कारण नेपाल पक्ष राष्ट्र भएका सन्धिजनित राष्ट्रसंघीय संयन्त्रहरूको सार्थक परिपालनाका हुन सकेको नसकेको उल्लेख छ ।

'अन्तर्राष्ट्रिय मञ्चमा सरकारका तर्फबाट गरिएका प्रतिबद्धतासमेत बेवारिसे बन्न पुगेका छन्,' डा. अर्यालले भने, 'विश्वव्यापी आवधिक समीक्षाको पहिलो, दोस्रो र तेस्रो चक्रमा नेपाल सरकारका तर्फबाट स्वीकार गरिएका संक्रमणकालीन न्याय, महिला हकको संवैधानिक तथा कानुनी असमानता अन्त्य गर्न कानुनी सुधार, राष्ट्रिय मानव अधिकार आयोगका लागि पेरिस सिद्धान्त अनुकुलको स्वायत्तता सुनिश्चित गर्नेलगायतका विषय अझैसम्म कार्यान्वयन हुन सकेका छैनन् ।'

इन्सेकले स्थानीय मानव अधिकार संस्थासँगको सहकार्यमा मानव अधिकार शिक्षाको प्रचारप्रसार गर्दै आएको छ । सचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानव अधिकारसम्बन्धी तालिम समूह परिचालन, सरोकारवालासँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ ।

सन् २०२२ का निर्वाचनको अभिमतलाई नेपाली राजनीतिका बाहक शक्तिले गम्भीर पाठका रूपमा ग्रहण गर्न सकेनन् भने अघिल्ला वर्षदेखिकै निराशाको शृंखलाले अर्को परिणाम निम्त्याउन सक्ने खतरा देखिन्छ । तर, संसद्लाई जनताका सरोकार मुखरित गर्ने प्रभावकारी थलो बनाउनसक्ने हो भने फेरि देशमा उत्साहको सञ्चार हुनसक्ने पुस्तकमा छ ।

'संसदीय समितिहरूलाई निहीत राजनीतिक स्वार्थको बन्दी बनाइएको अवस्थाबाट मुक्त गर्ने र संसदीय सुनुवाइजस्ता महत्त्वपूर्ण कारबाहीलाई वैधता प्रदान गर्ने नियोजित प्रक्रियामा मात्र सीमित हुन नदिने हो भने देशमा आशाको नयाँ किरण देखा पर्न सक्छ,' उनले थप्नुभयो, ' मानव अधिकार र सामाजिक न्यायको प्रत्याभूति संघीय मात्र होइन प्रादेशिक संसद्समेतको प्रभावकारिताको अभावमा सम्भव हुँदैन ।' *रासस*

# एसइईका परीक्षार्थीका लागि निःशुल्क अतिरिक्त कक्षा

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिकाले माध्यमिक शिक्षा परीक्षा(एसइई)लाई मध्यनजर गरी सामुदायिक विद्यालयमा निःशुल्क अतिरिक्त कक्षा सञ्चालन गरेको छ । नगरपालिका क्षेत्रमा रहेका माध्यमिक तहमा पढाइ हुने १३ सामुदायिक विद्यालयमा उक्त कक्षा सञ्चालन गरिएको हो ।

कमजोर विद्यार्थीका लागि अंग्रेजी, गणित र विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालन भइरहेको नगरपालिकाको शिक्षा शाखाका नायबसुब्बा दीपेन्द्र जोशीले बताए । उनका अनुसार न्यूनतम ३५ दिन अनिवार्य कक्षा सञ्चालनको व्यवस्था गरिएको र यसका लागि पाँच लाख रूपैयाँ परिचालन गरिएको छ ।

'अतिरिक्त कक्षा सञ्चालन गर्ने विद्यालयलाई प्रतिविद्यार्थी लागतका आधारमा निकासा दिने निर्णय गरेका छौं,' प्रमुख प्रशासकीय अधिकृत टिकेन्द्रराज भट्टले भने, 'विद्यालयलाई विद्यार्थीको विषयगत हाजिरी र अध्यापन कार्यमा सम्लग्न शिक्षकको दैनिक उपस्थिति हाजिरी दुरुस्त राख्न भनेका छौं ।'

अतिरिक्त कक्षाको शिक्षा समिति, शिक्षा शाखा र नगरपालिकाले नियमित अनुगमन गरिरहेका छन् । अतिरिक्त कक्षा सञ्चालन भएपछि एसइईमा सहभागी हुने विद्यार्थीलाई पठनपाठनमा सघाउ पुगेको छ । 'गरिब परिवारका विद्यार्थीले टच्युसन पढ्न सक्ने अवस्था हुदैन,' शिक्षा समिति सदस्य शेरबहादुर साउदले भने, ' त्यस्ता विद्यार्थीले अतिरिक्त कक्षामा सहभागी भएर नबुझेका विषयवस्तुसँगै एसइईमा सोधिने प्रश्नबारे शिक्षकलाई सोधेर सामाधान खोज्छन्, यसबाट राम्रो अंक ल्याउन मद्दत पुग्छ ।'

एसइई दिने विद्यार्थीलाई अतिरिक्त कक्षामार्फत पढाइ हुन थालेपछि टच्युसन पढ्ने झन्झटबाट विद्यार्थीले छुटकारा पाएका उनले बताए, 'यसबाट विद्यार्थीले टच्युसन पढ्नु नपरेको र अभिभाकले टच्युसन पढाउनका लागि खर्च गर्नुपर्ने रकमसमेत जोगिएको छ ।' *रासस*

# उपनिर्वाचनका लागि दल दर्ता आह्वान

■ प्रभाव संवाददाता




**चितवन–** निर्वाचन आयोगले आगामी वैशाख १० गते चितवन क्षेत्र नं २ मा हुने उपनिर्वाचनका लागि दल दर्ता गर्न आह्वान गरेको छ । आयोगले सूचना जारी गर्दै फागुन १० देखि फागुन १६ गतेसम्म दल दर्ताका लागि आह्वान गरेको हो ।

सूचनामा २०७९ फागुन ५ गतेसम्म दर्ता कायम रहेका राजनीतिक दललाई दर्ता गर्न भनिएको छ । नेपालको संविधानको धारा २७१ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम २०७९ फागुन १ देखि फागुन १६ गतेसम्म कार्यालय समयभित्र राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को अनुसूची १२ बमोजिमको ढाँचामा निर्वाचन आयोगको कार्यालयमा दल दर्ता निवेदन दिन सूचित गरिएको सूचनामा उल्लेख छ ।

प्रतिनिधिसभाका तत्कालीन सांसद रवि लामिछानेको सांसद पद सर्वोच्च अदालतले खारेज गरिदिएपछि रिक्त रहेको चितवन क्षेत्र नं २ मा आगामी वैशाख १० गते उपनिर्वाचन गर्ने तय भएको छ । उपनिर्वाचनका लागि आयोगले निर्वाचन कार्यातालिकासमेत सार्वजनिक गरिसकेको छ । आगामी चैत २० गतेलाई मनोनयनको कार्यतालिका सार्वजनिक भएको छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यतालिका अनुसार चैत २१ गते उम्मेदवारको विरोधमा उजुरी, चैत २२ गते मनोनयन पत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय दिने तथा उम्मेदवारको नामावली प्रकाशन गर्ने रहेको छ ।

यस्तै चैत २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम रहेको निर्वाचन आयोगले जनाएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALUMINUM MANUFACTURING CO. LTD

पूर्व स्वीकृति मिति : २०७९/१०/२२ LT. No. 280574 चलानी नं. ६०१७६८१७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Labour | 6 | 0 | 1000 | ३५,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066
LOTUS Human Resourse Pvt. Ltd
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4966177/4966189, Fax: 00977-1-4366035
Email: lotushumanresource@wlink.com.np, info@lotushrnepal.com, Web: www.lotushrnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०७९/११/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०७ LT. No. 281221 चलानी नं.:६०१९६७१९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Office & Facility Cleaning Labor | 25 | 0 | 1000 | ३५,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०७९/११/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०७ LT. No. 281222 चलानी नं.:६०१९६७०९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Office & Facility Cleaning Labor | 25 | 0 | 1000 | ३५,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAR FOOD SOLUTION GROUP OF COMPANY

पूर्व स्वीकृति मिति : २०७९/११/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०७ LT. No. 281223 चलानी नं.:६०१९६७१०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Upload & Download Operator Helper | 04 | 0 | 1000 | ३५,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाःरु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम इजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SENG KEAT PLASTIC INDUSTRIES (M) SDN BHD.

पूर्व स्वीकृति मिति : २०७९/११/०५ LT. No. 281153 चलानी नं. ६०१९६७२३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AMERSEAL INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/११/०५ LT. No. 281151 चलानी नं. ६०१९६७२४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 60 | 0 | 1500 | ४४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Ever Bright Overseas Pvt.Ltd.
श्रम इजाजत नं. १४६५/०७४/०७५
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com


## श्री अमर ज्योति (प्राविधिक) माध्यामिक विद्यालय
तादी गाउँपालिका
खरानीटार, नुवाकोट

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०७९।११।०८)

यस विद्यालयबाट मिति २०७९।०९।२४ गते प्रभाव दैनिक राष्ट्रिय दैनिक पत्रिकामा Construction Of Academic Block Of Shree Amar Jyoti Secondary School 2nd Phase सम्बन्धी ठेक्का Contract ID नं AMARJYOTI/NCB/W/B-079/80 को प्रकाशित सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित अंक सारभूत रुपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | भ्याट सहित कबोल अंक रु |
|---|---|---|---|---|
| १ | AMARJYOTI/NCB /W/B-079/80 | Construction Of Academic Block Of Shree Amar Jyoti Secondary School 2nd Phase | बज्र कन्स्ट्रक्सन, विदुर, नुवाकोट (Bajra Construction, Bidur -10, Gerkhu) | 60,53,703.77 |

प्रधानाध्यापक

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## नेपालीकै कारण गुम्यो अवसर

दुई आकर्षक रोजगार गन्तव्य मुलुक बेलायत र दक्षिण कोरियाले नेपालबाट मौसमी कामदार नलिने भएको छ। ती दुई मुलुकले यस वर्षका लागि मौसमी कामदारका रूपमा नेपालीलाई नलैजाने लगभग निश्चित भएको हो। यो नेपालीहरूका लागि दुःखद् समाचार हो। किनभने, छोटो अवधिको रोजगारीका लागि ती मुलुकमा गएर राम्रो आम्दानी नेपालीहरूले गर्दै आएका थिए। त्यो अवसर गुम्नु दुर्भाग्य नै हो भन्दा फरक नपर्ला।

तर, यस्तो अवस्था आउनुमा नेपालीहरू स्वयं दोषी छन्। दुवै मुलुकले नेपालीलाई मौसमी कामदार नलैजाने निर्णय गर्नुको कारण यसअघि गएकाहरू नेपाल नफर्किनु हो। तोकिएको अवधिसम्म काम गरेपछि नेपाल फर्कनुपर्नेमा त्यतै लुकेर बस्ने नेपालीहरूको संख्या हाबी हुँदा यो निर्णय गर्नुपरेको ती मुलुकका अधिकारीहरूले बताएका छन्। मौसमी कामदारका रूपमा पुगेका नेपालीहरू सम्झौताको समय सीमा सकिएलगत्तै नेपाल फर्किदिएको भए यो अवस्था आउने थिएन।

मौसमी कामदारको अधिक माग रहेका मुलुक दक्षिण कोरियाले नेपाली कामदारलाई नलिने निर्णय गरेको त्यहाँको मौसमी कामदारसम्बन्धी अध्यागमन विभागले जनाएको छ। विभागले मौसमी कामदारको रूपमा कोरिया पुगेका झण्डै ८० प्रतिशत नेपाली कामदार स्वदेश नफर्किएको उल्लेख गरेको छ। विभागका निर्देशक इसुङ्ह्यनले अधिकांश नेपालीहरू सम्झौता अवधि पुरा भए पनि कार्यस्थल छोडेर कोरियामा नै काम गरिरहेको पाइएकाले नेपालबाट मौसमी कामदारका लागि तीन वर्षको प्रतिबन्ध लगाइएको बताएका छन्। कोरियाको श्रम कानुनमा कुनै पनि मुलुकबाट मौसमी कामदारको रूपमा कोरिया प्रवेश गरी ७० प्रतिशतभन्दा बढी व्यक्तिहरू अवैधरूपमा बसेको पाइए त्यस्ता मुलुकबाट मौसमी कामदार नभित्र्याउने व्यवस्था रहेको छ।

मौसमी कामदारको रूपमा कोरिया पुगेका अधिकांश नेपालीहरू स्वदेश नफर्किएपछि आगामी तीन बर्षलाई प्रतिबन्ध लगाउनुपरेको अध्यागमनले जनाएको छ। अध्यागमनले लिएको निर्णयबाट वैदेशिक रोजगारीका लागि मौसमी कामदारको रूपमा कोरिया जाने तयारीमा रहेका थुप्रै नेपालीहरू प्रभावित हुने देखिएको छ।

त्यसो त नेपाल सरकारले हालसालै मात्र छोटो अवधिको लागि वैदेशिक रोजगारीमा जाने 'मौसमी कामदार व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७९' जारी गर्दै नेपालीहरूलाई कोरिया पठाउने तयारी गरेको थियो। सरकारले निर्देशिकामार्फत मौसमी कामदार पठाउने अधिकार स्थानीय तहलाई सुम्पिएको छ। मौसमी कामका लागि नेपालीहरू विदेशिने र ठगिने क्रम बढ्न थालेपछि शून्य लागतमा मौसमी कामदारलाई गन्तव्य मुलुकमा पठाउने व्यवस्थासहित सरकारले निर्देशिका जारी गरेको थियो।

तर, यो निर्देशिका कार्यान्वयनमा ल्याउनै नपाई कोरियाले नेपालीलाई नलिने निर्णय गरेको छ। सरकारले कोरियासँग मौसमी कामदार पठाउनेबारे सम्झौतासमेत गरिसकेको छ। त्यसैले सरकारीस्तरबाट प्रतिबन्ध फुकुवाका लागि प्रयास हुन जरुरी छ। त्यहाँ पुगेका नेपालीहरूले पनि सम्झौताअनुसार तोकिएको अवधि सकिएपछि स्वदेश फर्कने इमान्दारिता देखाउन जरुरी छ। हाम्रो लक्ष्य वैदेशिक रोजगारी भन्दा पनि स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्ने हुनुपर्नेमा दुई मत छैन। तर, तत्कालका लागि वैदेशिक रोजगारीको बाध्यतालाई नकार्न सकिन्न। त्यसैले मौसमी कामदारमा जाने अवसर पुनःप्राप्तिका लागि पहल गर्नुपर्छ।

## मननयोग्य

### चाणक्य नीति

रिसले युक्त भई त्यही स्वरमा मलयकेतुने मलाई मूर्ख ठान्छौ ? तिमी ब्राह्मण हो, बस यही कारणले जीवित छोड्छु। यहाँबाट जाऊ। राक्षसले पनि सोचे यस्ता मूर्खलाई सम्झाउनु व्यर्थ छ। निराश भई राक्षस कुनै अज्ञात स्थानतिर गए।

केही दिनपछि चन्द्रगुप्त रे आचार्य चाणक्य एकअर्कासँग भेटिए। चाणक्यले भने- 'यस ब्राह्मणको काम सकियो। भूमण्डलमा आज भारतवर्षको गौरव परिलक्षित छ। चाणक्य चाहन्थ्यो टुक्रा-टुक्रा बाँडिएको भारतवर्ष एउटै झन्डामुनि लोककल्याणकारी राज्य होस्। आज मेरो इच्छा पूर्ण भयो।'

केही उदास स्वरमा चन्द्रगुप्त चाणक्यसँग बोले- 'जुन कर्मबीरले आफ्नो त्याग र बुद्धिबलले यत्रो विशाल साम्राज्य स्थापना गरे यस्तो सम्पूर्ण प्रभुत्व सम्पन्न राज्यका संस्थापक महात्मा चाणक्य एक साधारण झुपडीमा वस्तु यो चन्द्रगुप्तलाई शोभा दिँदैन। चाणक्य केही शान्त रहे अनि केही हाँस्तै चन्द्रगुप्तका काँधमा हात राख्दै भने- 'जुन राजा सर्वगुणसम्पन्न भइकन पनि जनहितमा तल्लीन रहँदैन जनताले त्यस्ता राजालाई पदच्युत गर्दछन्। मैले भोग्नका लागि होइन मानवकल्याणको कामनाका निम्ति यो संगठित साम्राज्यको स्थापना गरें। यो पृथ्वी आमाका केटाकेटी, छोराहरूको सम्पत्ति हो मेरो जुन काम थियो त्यो पूरा भयो। तिम्रो राज्य बारम्बार फलोस् यही मेरो आर्शिर्वाद ! यो ब्राह्मण आउने एकादशीका वनतिर लाग्नेछ।'

चाणक्यबाट यस्ता कुरा सुनी छक्क पर्दै चन्द्रगुप्त किंकर्तव्यविमूढ बने। उनले अबोध बालक बन्दै भने-'यो के भन्दै हुनुहुन्छ गुरुदेव ! तपाईविना म यति ठूलो साम्राज्य कसरी सम्हाल्न सक्छु ? तपाईको मार्गदर्शनको अभावमा त कुनै पनि हुरीने एकै झट्कामा चन्द्रगुप्त हराउँछ, विलाउँछ।' तपाई विना त चन्द्रगुप्त आफ्नो कल्पना पनि गर्न सक्दैन।

# प्रजातन्त्रसँगै खुलेको अभिव्यक्ति स्वतन्त्रताको ढोका



▶▶ एकराज पाठक

देशको प्रेस जगत्ले यस्तो अभ्यास गर्न पाउने अधिकारको जग वास्तवमा २००७ सालको प्रजातन्त्रपछि बसेको हो। यो आलेखको आशय यो हो कि आधुनिक पत्रकारिताको तथा प्रेस स्वतन्त्रताको जग २००७ देखि २०१७ को प्रजातन्त्रको दशकमा बसेको हो। प्रेस स्वतन्त्रताले सदैव देशको राजनीतिक शासन प्रणालीलाई पछ्याएको हुन्छ। जहाँ प्रजातन्त्र छ त्यहाँ मात्र प्रेस स्वतन्त्रता सम्भव छ। लोकतान्त्रिक शासन प्रणालीको अनुपस्थितिमा स्वतन्त्र प्रेस कल्पनामात्रको विषय होला तर यथार्थ बन्न सक्दैन।

वि.सं.२००७ फागुन ७ गते नेपालमा प्रजातन्त्रको उदय भएको भोलिपल्टै राजधानी काठमाडौंबाट पहिलो दैनिक पत्रिका प्रकाशन भयो। देशवासीले प्रजातन्त्र प्राप्त गरेको २४ घण्टाभित्रै निजी क्षेत्रबाट अर्थात् कुनै व्यक्तिको पहलकदमीबाट दैनिक पत्रिका प्राप्त गर्नुलाई समान्यरूपमा मात्र लिन सकिँदैन। त्यस समयका युवाकवि शिद्धिचरण श्रेष्ठले 'आवाज' नामको दैनिक पत्रिका वि.सं. २००७ फागुन ८ गते प्रकाशन गरेका थिए। यो नै नेपालको पहिलो दैनिक पत्रिका हो। यसअघि गोरखापत्र दैनिकरूपमा प्रकाशित थिएन। अरु पत्रिकाहरू साप्ताहिक र अधिकांश मासिकरूपमा प्रकाशन हुने गर्दथे।

मुलुकमा राणा शासन थियो। राणा शासनको प्रकृति र नागरिकले के-कस्ता सेवा सहुलियत या अधिकार प्राप्त गरेका थिए भन्ने कुराको दृष्टान्त त यहाँ प्रस्तुत गर्नु परोइन। राणा शासन भनेपछि हाम्रो मानसपटलमा आइहाल्ने एउटा स्मृति हो- क्रुर र निरंकुश। नागरिकले त्यस शासनका विरुद्धमा बोल्न र आफ्ना विचार अभिव्यक्त गर्न पाउँदैनथे। त्यस्तो शासन ढलेर मुलुकले प्रजातन्त्र प्राप्त गरेको २४ घण्टाभित्रै कुनै युवाले दैनिक पत्रिका प्रकाशन गर्न कसरी सम्भव भयो त ? उनीहरू त्यस्तो जहानियाँ शासनका समयमा पनि दैनिक पत्रिकाको तयारी कसरी गर्न सकेका थिए ?

कल्पना गरौं, एक सय चार वर्षसम्म थुनेर राखिएको कुनै खोलाको बाँध फुट्दा एकैपटक कुन बेगमा भल बग्ला ? त्यो खोलाको बहावको गति कति होला ? राणा शासनले १०४ वर्षसम्म नागरिकका इच्छा, आकांक्षा एवं उनीहरूको बोल्ने अधिकारमा ताला लगाइदियो। यसरी देखेर पनि बोल्न नपाएका जनताले सामाजिक, राजनीतिक तथा अरु कैयौं क्षेत्रमा मुख खोले। नागरिक अधिकार र देश विकासका क्षेत्रमा फागुन ७ गते प्रजातन्त्रको घोषणासँगै बहार छायो। माथि भनिएजस्तै १०४ वर्षसम्म थुनिएर रहेको नेपाली जनताको मनको बाँध पनि त्यसैगरी फुट्यो र धेरैतिर स्वतन्त्रताको लहर त्यही गतिमा फैलियो। १०४ वर्षसम्म थुनिएको खोलाको बाँध अकस्मात फुट्दा जुन बेगले भल बग्यो नेपाली नागरिकका मनमस्तिष्कमा पनि त्यस्तै द्रुतगतिमा स्वतन्त्रताको बहाव आयो। उनीहरूले पनि यस्तै बेगमा आफूलाई स्वतन्त्र भएको महसुस गरे र आफ्ना विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्ने भए। अर्थात् एक शब्दमा भन्दा अब नेपाली जनता बोल्न पाउने भए। उनीहरूमाथि राणा शासनले लगाएको बोल्न नमिल्ने बार भत्कियो। मानिसले देखेको कुरा बोल्न पाउनु पनि त्यस समयको ठूलो अधिकारको विषय थियो। अब नागरिक बोल्न पाउने भए।

यिनै नागरिकका बोलीको आवाज हो 'आवाज दैनिक'। मुलुकमा प्रजातन्त्रको उदय भएको २४ घण्टाभित्रै कसरी पत्रिका प्रकाशन भयो भन्ने कुरा प्रजातन्त्र र प्रेस अर्थात् नागरिकको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता कसरी आपसमा अन्योन्याश्रित सम्बन्ध राख्दछन् भन्ने विषयसँग सम्बन्धित छ। प्रजातन्त्र र प्रेस एकअर्काका परिपूरक हुन् भन्ने कुराको एउटा उत्कृष्ट उदाहरण यही हो। माथि भनिएजस्तै जसरी १०४ वर्षसम्म थुनिएर रहेको खोलाको बाँध अकस्मात फुट्दा जुन बेगमा खोलामा भेल बग्यो, ठीक त्यही गतिमै अब नेपाली नागरिकले विचार अभिव्यक्ति गर्न पाउने भएकाले अखबार प्रकाशन सुरु भयो। यसको सुरुआत आवाजबाटै भयो र त्यसका कैयौं उदारहरण त्यसपछिका १० वर्षमा देख्न सकिन्छ।

प्रजातन्त्रको स्थापना भएर पछि वि.सं. २०१७ मा एकदलीय पञ्चायती व्यवस्थाको घोषणा नहुँदासम्मको अवधिलाई प्रजातन्त्रको दशक भनिन्छ। प्रजातन्त्रको दशकमा नेपाली नागरिकले स्वतःस्फुर्तरूपमा नै धेरै पत्रिका प्रकाशन गरेका थिए। त्यस समयमा नागरिकले आफ्ना भावना पोख्ने अर्थात् आफ्ना विचारहरू राख्ने माध्यम नै पत्रिका बनाएका थिए। त्यसैले जहाँनिया राणा शासनको समयमा आफूले बोल्न नपाएका तथा आफ्ना विचार नै राख्न नपाएको अवस्थाको स्मरण गर्दै उनीहरूले पत्रिका प्रकाशन गरेर नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकतम् प्रयोग गरेका थिए। विचार अ स्वतन्त्रता नागरिकका सबै अधिकार तथा स्वतन्त्रताहरूकै जननी हो। जस्तो मानिसले आफ्ना राजनीतिक विचार अथवा आस्था राख्ने, कुनै पनि विषयको विरोध या समर्थन गर्ने, कुनै पनि राजनीतिक प्रणाली या शासन व्यवस्थाविशेष तथा नेताहरूसँग नै आफ्ना विमति या असहमतिहरू राख्ने काम पनि नागरिकको यो स्वतन्त्रतामार्फत सञ्चार हुन्छ। मानिसले बोल्न नै पाएन भने बुझौं उसका अरु सबै अधिकारमा लगभग ताला लागेको छ। त्यसैले यो अवधिमा नागरिकले आफ्ना अधिकारको अधिकतम प्रयोग पत्रिका प्रकाशन गरी आफ्ना विचार राखेर गरेका थिए।

राणा शासनका समयसँग तुलना गर्ने हो भने प्रजातन्त्रको दशकलाई नेपालमा स्वतन्त्र पत्रकारिताको जगका रूपमा लिन सकिन्छ। राणा शासनको अवधिमा करिब १३ वटा पत्रिका प्रकाशन भएका थिए। त्यो पनि अखबारी पत्रकारिता भन्न मिल्दैन किनभने ती सबै पत्रिका साहित्यिक थिए। राणा शासकको विरुद्धमा गएर कुनै पत्रिका प्रकाशन गर्न सक्ने अवस्था नै नभएकाले प्रायः सम्पादक नै उनीहरूले नै नियुक्त गर्दथे। त्यसको तुलनामा प्रजातन्त्रको अवधिमा हाते पत्रिकासमेत गरी करिब २०० पत्रिका प्रकाशन भएका थिए। यसरी अघिल्लो शासनका तुलनामा १० वर्षमै यतिका पत्रिका प्रकाशन हुनु सामान्य कुरा थिएन। त्यसै समयमा मुलुक समाचार समिति युगमा प्रवेश गरेको थियो।

त्यसबेलाका पत्रकार गोविन्द वियोगीसहितका युवाहरूको सक्रियतामा वि.सं. २०१६ मा नेपाल संवाद समितिको स्थापना भयो र त्यसको करिब छ महिनाको अवधिमा मणिन्द्रराज श्रेष्ठको सक्रियतामा अर्को समाचार समिति सगरमाथा संवाद समिति जन्मियो। त्यतिबेलासम्म मुलुकमा पत्रपत्रिका र रेडियो रहेकामा देशमा पत्रकारिताको नयाँ विधा समाचार समिति पनि थपियो। यो पनि निजी क्षेत्रका व्यक्तिहरूकै पहलमा सुरुआत भएकाले यसलाई पत्रकारिताको विकासमा एक नयाँ र कोशेढुंगाको रूपमा लिन सकिन्छ। त्यसैगरी सो समयमा नेपालबाहेकका अरु भाषाहरू नेवारी, अंग्रेजी, हिन्दी आदि भाषामा पनि पत्रिका प्रकाशन भए। राजधानीबाट मात्र नभएर काठमाडौं बाहिरबाट पनि पत्रिका छापिए। पत्रिका प्रकाशनको काम मोफसलसम्म पुग्नु भनेको पनि मुलुकको पत्रकारिता क्षेत्रका लागि एक महत्वपूर्ण नै मान्न सकिन्छ।

त्यसबेलाको यकिन अनुसन्धान त हुनसकेको छैन तर पत्रकारिता क्षेत्रमा प्राप्त साहित्य र तथ्यांकहरूको विश्लेषणबाट सो अवधिमा २५ भन्दा बढी दैनिक पत्रिका प्रकाशनमा आएका थिए र त्यस समयमा धेरैजसो पत्रिका साप्ताहिक र मासिक थिए। अर्को रमाइलो कुरा त के थियो भने सो समयका राजनीतिक दलहरूले पनि पत्रिका प्रकाशन गर्ने गरेका थिए। प्रायः सबै दलका आ-आफ्ना मुखपत्र प्रकाशन हुन्थे। यो अवस्थालाई त्यसबेलाका राजनीतिक पार्टीहरूले पनि आफ्ना विचारहरू जनतासमक्ष पुऱ्याउने शक्तिको अस्तित्वका रूपमा पत्रिकालाई स्वीकार गरेका थिए।

राजा महेन्द्रले वि.सं. २०१७ पुस १ गते मुलुकको प्रजातन्त्रमाथि धावा बोले र तत्कालीन जननिर्वाचित प्रधानमन्त्री विपी कोइरालालाई जेल हालेर पञ्चायती नामको एकदलीय राजनीतिक व्यवस्थाको घोषणा गरे। त्यसपछि भने प्रजातन्त्रको दशकमा फस्टाएको र इतिहासमै पहिलोपटक यस्तो प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्न पाएको नेपाली प्रेसको अधिकारमाथि काँढेतार लाग्यो। अब राजाले स्वघोषणा गरेको व्यवस्थाका विरुद्धमा बोल्न र लेख्न नपाइने भयो। वि.सं. २०१९ मा त संविधान नै जारी गरियो र पञ्चायती व्यवस्थाका विरुद्धमा लेख्न बोल्न नपाइने प्रावधान संविधानमै राखियो। त्यसपछि प्रजातन्त्रको दशकमा नेपाली प्रेसले बसालेको जग खल्बलिन थाल्यो। व्यवस्थाको समर्थन गर्न नसक्ने कैयौं पत्रिका बन्द भए। अब नागरिकले अघिको दशकमा जस्तो स्वतन्त्र प्रेस र अभिव्यक्तिको अनुभूति गर्न नपाउने भयो। देशको प्रेस पञ्चायती व्यवस्थको पक्ष तथा बहुदलीय व्यवस्थाको पक्षमा गरेर मिसनमा बाँडियो। यो क्रम तीन दशक नै चल्यो, नेपाली प्रेसले अनेक हण्डर र ठक्कर खायो। व्यवस्थाविरोधी पत्रिकाहरू अधिकांश बन्द भए भने अरु भूमिगत भए। उता पञ्चायती व्यवस्थाको पक्षका पत्रिकामाथि भने सरकारकै मलजल पऱ्यो।

वि.सं. २०४६ मा प्रजातन्त्रको पुनःस्थापना भयो। फेरि प्रेसले अभिव्यक्ति स्वतन्त्रताको अनुभूति गर्ने भयो। नेपाल अधिराज्यको संविधान २०४७ मा जस्तोसुकै समाचार लेखे पनि पत्रिकाको दर्ता खारेज गर्ने र छापाखाना नै जफत गर्ने कामलाई बर्जित गऱ्यो। जबकि पञ्चायती व्यवस्थामा अञ्चलाधीशले चाहँदा जुनसुकै पत्रिकाको छापाखाना नै बन्द गरिदिन सक्थ्यो। यसरी नेपालको प्रेस बलियो बन्दै गयो र संवैधानिक सुनिश्चिततासहितको प्रेस स्वतन्त्रताको युग सुरु भयो। मुलुकको वर्तमान संविधानले त पूर्ण प्रेस स्वतन्त्रताको प्रावधानलाई प्रस्तावनामा नै राखेको छ। हाल नेपाली प्रेसले प्रेस स्वतन्त्रताको अधिकतम अभ्यास गरिरहेको छ। देशमा लोकतान्त्रिक राजनीतिक व्यवस्था भएकाले मात्र यो सम्भव भएको हो।

देशको प्रेस जगत्ले यस्तो अभ्यास गर्न पाउने अधिकारको जग वास्तवमा २००७ सालको प्रजातन्त्रपछि बसेको हो। यो आलेखको आशय यो हो कि आधुनिक पत्रकारिताको तथा प्रेस स्वतन्त्रताको जग २००७ देखि २०१७ को प्रजातन्त्रको दशकमा बसेको हो। प्रेस स्वतन्त्रताले सदैव देशको राजनीतिक शासन प्रणालीलाई पछ्याएको हुन्छ। यसका ज्वलन्त उदाहरण यसै आलेखका सुरुमा विभिन्न राजनीतिक व्यवस्थामा पत्रकारितामा भएका उतारचढाव नै काफी छन्। जहाँ प्रजातन्त्र छ त्यहाँ मात्र प्रेस स्वतन्त्रता सम्भव छ। लोकतान्त्रिक शासन प्रणालीको अनुपस्थितिमा स्वतन्त्र प्रेस कल्पनामात्रको विषय होला तर यथार्थ बन्न सक्दैन। त्यसैले २००७ सालको प्रजातन्त्रपछि मात्र मुलुकमा स्वतन्त्र प्रेसको शिलान्यास भएको हो। मुलुकमा अहिले अभ्यास गर्न सकिएको आधुनिक पत्रकारिताको जग नै २००७ देखि २०१७ को प्रजातन्त्रको दशकमा बसेको हो। *रासस*

## पत्र–मञ्जुषा

# नेताहरूको सुविधा मोहले राज्यलाई भार

पछिल्लो समय हरेक क्षेत्रमा मन्दी छाएको छ। चाहे त्यो कुनै व्यापार व्यवसाय नै होस् या सेयरको कारोबार। यता वित्तीय संस्थामा पनि त्यत्तिकै तरलता छ। अहिले सहकारीले जनताको पैसा फिर्ता दिन छोडेपछि जनताको पनि वित्तीय संस्थाबाट विश्वास गुम्दै गएको छ।

यसरी राज्यले राजस्व संकलन गर्ने निकायहरू नै डुब्ने अवस्थामा पुगेपछि अब देशले कुन बाटो लिन्छ ? भनेर अहिले सबैतिर हल्ला चलेको छ। देशमा प्रत्येक दिन महँगी बढ्दै गएको छ त बेरोजगारीको संख्या घट्नुको साटो झनै बढेको छ। यता घरजग्गा, गाडी र सेयरको त झनै कुरै नगरौं। फाइदैफाइदा मात्रै हुन्छ भनेर यी क्षेत्रमा लगानी गर्नेहरूले अहिले घाटाबाहेक केही देख्न पाएनन्। यसरी यी क्षेत्रमा नाफा हुन्छ लोभमा वित्तीय संस्थाबाट ऋण लिएर लगानी गर्नेहरू भाग्ने अवस्थामा पुगेका छन्। यिनीहरूलाई बिहान बेलुकाको छाक टार्नसमेत हम्मेहम्मे परिरहेको छ।

कुनै एक क्षेत्रमा एक व्यक्ति मात्र नडुबी पछिल्लो समय हरेक क्षेत्रमा लगानी गर्नेहरू डुबिसकेका छन्। अन्य कुनै विकल्प नभएर मौन मात्र छन्। अहिले पत्रपत्रिका समाचारभन्दा पनि बैंकबाट ऋण लिएर तिर्न नसकेका व्यक्तिको नाम/थर हुने गर्दछ। तर, नाम मात्र निकालेर वा कालोसूचीमा राखेर मात्र पनि त ऋणले ऋण तिर्न सक्दैनन्।

वित्तीय संस्थाहरू नै यसरी डुब्ने अवस्थामा पुगेपछि अब यसले देशको अर्थतन्त्रमा कस्तो प्रभाव पार्ला भनेर पछिल्लो समय धेरै विज्ञहरूले आफ्नो भनाइ राख्दै पनि आएका छन्। अहिले एक नेपालीको टाउकोमा विदेशी ऋण ८५ हजार छ। यता जनताले तिरेको करबाट सरकारी खर्चसमेत धान्न सकिरहेको छैन।

तर, देशको अर्थतन्त्र यो अवस्थामा पुग्दासमेत अहिले पनि जननिर्वाचित प्रतिनिधिहरूले तलबभत्ता, सरकारी गाडी र सरकारी सेवासुविधा चाहिँदैन भनेका छैनन्। सरकार अहिले पनि उनीहरूलाई तलबभत्ता खुवाउनका लागि विदेशीसमक्ष हात फैलाइरहेको छ। गत ३० बैशाख स्थानीय चुनाव भयो भने ४ मंसिर प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन। तर, निर्वाचनमा चुनिएर आएकामध्ये कुनैले पनि तलबभत्ता, सरकारी गाडी र सरकारी सेवासुविधा चाहिँदैन भनेका छैनन्। यसबाट त यिनीहरू जनता र राष्ट्रको सेवा गर्न नभई सरकारी सेवासुविधा उपभोग गर्न आएको स्पष्ट हुन्छ।

यता राष्ट्र र राष्ट्रियताका बारेमा ठूलठूला कुरा गर्ने प्रधानमन्त्री पुष्पकमल दाहाल, एमाले अध्यक्ष केपी शर्मा ओली, कांग्रेसका सभापति शेरबहादुर देउवा, रास्वपाका सभापति रवि लामिछाने, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनलगायतका राजनीतिक दलका नेताहरूले समेत सदनमा उभिएर तलबभत्ता, सरकारी गाडी र सरकारी सेवासुविधा चाहिँदैन भनेनन्।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति, पूर्वउपप्रधानमन्त्री एवं गृहमन्त्री लामिछानेले निर्वाचनअघि चितवन क्षेत्र नम्बर २ का जनतासमक्ष आफूले चुनाव जितेमा तलबभत्ता, सरकारी गाडी र सरकारी सेवासुविधा उपभोग नगर्ने दाबी गरेका थिए तर उपप्रधान एवं गृहमन्त्री र सांसद भइञ्जेल उनले राज्यबाट प्राप्त हुने सबै सेवासुविधा उपभोग गरे। तर, अहिले नागरिकता विवादपछि गृहमन्त्री पदबाट बाहिरिएपछि सरकारी सेवासुविधा त्यागेको नाटक गरे।

त्यस्तै, नेपाली कांग्रेसमा नेताहरू गगन थापा, विश्वप्रकाश शर्मा, प्रदीप पौडेल, मोहन बस्नेत, शेरबहादुर देउवालगायतले पनि काठमाडौंलगायत अन्य ठाउँमा आफ्नै घर हुँदासमेत तलबभत्ता, सरकारी गाडी र सरकारी सेवासुविधा त्याग्न चाहेनन्। अन्य दलका नेताहरूको प्रवृत्ति पनि उस्तै छ। यसरी देशको अर्थतन्त्र धराशायी अवस्थामा रहेको बेला जनप्रतिनिधि तथा नेताहरू सुविधाभोगी हुनु कत्ति पनि सुहाउँदैन। नेताहरूले देश पहिले भन्दा पनि आफू पहिले भन्ने सोच त्याग्न सकेनन् जसले मुलुकलाई ठूलो आर्थिक भार पुऱ्याइरहेको छ। यसमा नेताहरूको ध्यान कहिले जाने ?

*- रञ्जिता खनाल, भरतपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# 'कर्णाली समृद्धिको सपना बोकेर काठमाडौंमा'



■ प्रभाव संवाददाता

**सुर्खेत–** सुविधा सम्पन्न सहरमा बसेर उच्च शिक्षा पढ्छु भनेर काठमाडौं जाने कर्णालीका विद्यार्थी पनि छन् । काठमाडौंमा व्यापार गर्छु र कमाउँछु भन्ने सपना बोकेर जानेहरू पनि कर्णालीका मानिस छन् । राजधानी घुमेर फर्किन्छु भनेर काठमाडौं जानेहरू पनि छन् र 'कर्णालीमा बस्न उचित छैन, काठमाडौंमैं बस्छु' भनेर बसाइँ सर्नेहरू पनि कर्णालीका मानिस छन् ।

यी त रहरसँग सहर पुग्ने कर्णालीका पात्रहरू हुन् । यहाँ बिमार निको भएन, काठमाडौं पुगेर निको भएर आउँछु, विदेशबाट बाकसमा फर्किएका आफन्तहरूलाई घरमा लिएर आउँछु, बारीको उब्जनीले पुगेन, काठमाडौंमा मजदुरी गरी कमाएर घर खर्च ल्याउँछु जस्ता विभिन्न बाध्यता बोकेर काठमाडौं पुग्नेहरू कर्णालीका थुप्रै मानिस छन् । रहर र बाध्यता बोकेर काठमाडौं जानेहरूका भीडमा कर्णालीका नेताहरू पनि छन् । तर, उनीहरूसँग यस्तो कुनै रहर र बाध्यता भने थिएन ।

त्यसो भए कर्णालीको विकास गर्छु भनेर राजनीति गरेका नेताहरू काठमाडौंमा किन बस्नुपर्‍यो त ? सुर्खेतमा 'कर्णालीदेखि काठमाडौंसम्म' सत्रमा गरिएको बहसमा ती काठमाडौं बस्ने केही नेताहरूको बयान सुनौं ।

'कर्णालीमा दुःखका कथा मात्र लेखिँदैन, पीडाका गीत मात्र गाइँदैनन्, कर्णालीका सपनाहरू फोक्सुण्डोमा डुबेका छैनन्, कर्णाली सम्भावनाको सगरमाथा हो,' कर्णाली प्रदेशका पूर्वमन्त्री तथा माओवादी केन्द्रका नेता नरेश भण्डारी भन्छन्, 'म भागेर काठमाडौं गएको होइन, कर्णालीको विकासका लागि काठमाडौंमा कर्मथलो बनाएको राजनीतिकर्मी हो, म अन्तिम सास कर्णालीमै फेर्ने हो ।'

पूर्वमन्त्री सत्य पहाडी आफूलाई कर्णालीको पहिचान बोकेर यहाँको सुन्दर सपना साकार पार्न काठमाडौं पुगेको एक यात्रीका रूपमा चिनाउँछिन् । 'मैले काठमाडौं बस्दा पनि धेरैपटक डोल्पाको प्रतिनिधित्व गरेकी छु । विभेदको हुरी अन्त्य गर्न, समानताको सपना साकार पार्न काठमाडौं पुगेर सामन्ती शासनमाथि धावा बोलेको योद्धा हो,' उनी भन्छिन्, 'म निरन्तर कर्णालीको निम्ति बाँचेको छु, बाँचिरहनेछु ।' उनले कर्णालीको क्षमतामाथि नजरअन्दाज गर्नेमाथि काठमाडौंमा बसेर बज्र प्रहार गर्नेमध्येमा आफूलाई दाँजिन् ।

नेकपा एमालेका प्रचार विभाग उपप्रमुख विष्णु रिजाल आफूलाई राजनीतिले नै डोर्‍याएर काठमाडौं पुर्‍याएको बताउँछन् । भौतिक अवस्थितिले चेतनाको निर्माण गर्छ भन्ने आफ्नो दलको सिद्धान्त पछ्याउँदै कर्णालीदेखि काठमाडौंसम्मको यात्रा तय गरेको उनको भनाइ छ । अब कर्णालीको विकास कसरी गर्ने, कर्णालीमा सम्भावना के छन्, यसमा पनि उनीहरूले आफ्ना अवधारणा सुनाएका छन् ।

नरेश भण्डारी कर्णाली समृद्धिको सूत्रपात गर्ने प्रदेशको वर्गमा पर्ने बताउँछन् । 'कर्णालीको साधन स्रोतको हकदार हामी हौं, हामीले नै उपयोग गर्नुपर्छ । नदीमा बगिरहेको डलरलाई कर्णालीका नागरिकको जीवन समृद्धिका लागि उपयोगी हुनेगरी लगाउनुपर्छ,' उनले भने, 'अहिले पनि कर्णालीमा केही नभएको होइन, कर्णाली हामीले सोचेजस्तो परिवर्तन नभएको मात्र हो ।'

उनी अब काठमाडौंको विकासको मोडल फेल भइसकेको बताउँछन् । अब कर्णालीको मोडल अपनाएर देशको विकास गर्नुपर्ने सुझाव उनको छ । 'अहिले पनि धादिङ र नुवाकोटमा डाक्टर बस्न मान्दैनन्, जुम्लामा १०० भन्दा धेरै डाक्टर छन्,' भण्डारी भन्छन्, 'कर्णालीले पहिले बिरामी पठाउँथ्यो, अहिले डाक्टर पठाउँछ, त्यसैले म भन्छु अब कर्णालीको मोडलबाट विकास गरौं ।'

कर्णालीका विकासका थुप्रै सम्भावना भएकाले यसमा लगानी गर्दै कर्णालीका समस्या समाधान गर्न राजनीतिक सहमति जुटाउनुपर्ने उनी बताउँछन् । नेपाली कांग्रेसका युवा नेता भूपेन्द्रजंग शाहीले अब कर्णालीको परिचय बदल्नका लागि आफैंले काम गर्नुपर्नेमा जोड दिए । 'हाम्रा नेताले, हाम्रो अगुवाले गरिदिन्छन् भनेर भर पर्नुहुँदैन,' उनी भन्छन्, 'कर्णालीलाई परिवर्तन गर्ने दायित्व कर्णालीकै मान्छेको मात्र पनि होइन, नेपालका प्रमुख राजनीतिक दल, जसले देशको नेतृत्व गरिरहेका छन्, उनीहरूले आफ्नो क्षेत्रका लागि मात्र चिन्ता गर्ने होइन । कर्णालीजस्ता पिछडिएका क्षेत्रलाई हेर्नुपर्छ ।'

# ककनीमा 'एक घर, एक धारा' योजना

■ प्रभाव संवाददाता

**नुवाकोट–** ककनी गाउँपालिकामा 'एक घर, एक धारा' खानेपानी योजना सुरु भएको छ । ककनी गाउँपालिकामा लिभिङ वाटर नेपालको सहकार्यमा पालिकाले उक्त योजना सुरु गरेको हो । उक्त योजनाका लागि वडा नम्बर ७ बरबन्दीमा हालै मात्रा लिभिङ वाटर नेपालसँग ककनी गाउँपालिकाले सम्झौता गरेको छ । योजनाबाट करिब ११६ जना घरधुरी लाभान्वित हुने वडाध्यक्ष रामकृष्ण तामाङले बताएका छन् ।

उनका अनुसार सो संस्थाको निर्देशक विजय गुरुङ, इन्जिनियर अर्जुन रोकाय, फिल्ड अधिकृत इन्द्र तामाङ, जिल्ला संयोजक यनोक तामाङ, कार्यपालिका सदस्य नारायण विक, पूर्वकार्यपालिका




सदस्य अशोक मिजार, उपभोक्ता समिति र सम्पूर्ण उपभोक्ताको उपस्थितिमा योजना सम्झौता भएको हो ।

उक्त योजनाको बजेट १८ लाख ७५ हजार रूपैयाँ रहेको उनले बताए । सो योजनामा जनश्रमदानबाट लगभग दुई-तीन महिनाको समयसम्ममा सम्पन्न हुने उनले बताए । हालसम्ममा वडा नम्बर ७ मा ८० प्रतिशतमात्र पूर्वाधारका काम सम्पन्न भएको वडाध्यक्ष तामाङको भनाइ छ । आगामी वैशाख १५ सम्ममा सम्पूर्ण विकास पूर्वाधारका कामहरू सम्पन्न हुने उनको विश्वस्त छ ।

गाउँपालिकाका अध्यक्ष सज्जन तामाङले वडा नम्बर ७ भन्दा अगाडि भएको सम्झौतामा वडा नम्बर ४ निगालेमा पनि ८०-८५ प्रतिशतको हाराहारीमा काम भएको बताए । खाल्डो खन्नुपर्ने र ढुंगा बटुल्नुपर्ने भएकाले स्थानीयको जनश्रमदानबाट नै काम भइरहेको उनले बताए । वडा नम्बर ८ मा भने उक्त योजना ४५ घरधुरीमा सम्पन्न भएको उनले बताएका छन् ।

## बिमालेख हरायो

मिति २०७९/०९/१५ गते, नार्गजुनमा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : केशो तुलाधर
बिमालेख नं : ११००६३११४
(एल आइ सि नेपाल लि.)
ठेगाना : काठमाडौं
सम्पर्क नं : ९८१३४६९९२९

## बिमालेख हरायो

मिति २०७९/०९/१२ गते, स्कुलबाट जनकनन्दिनी गा पा, खजुरी घर फर्कने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : गुन्जना सहगल
बिमालेख नं : ११००६९६०२
(एल आइ सि नेपाल लि.)
ठेगाना : काठमाडौं
सम्पर्क नं : ९८४१४५०२७२

## मोटरसाइकल हराएको सूचना

**विकाश भट्ट** को नाममा रहेको । निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०७९।११।०५ गते का.जि. किर्तिपुर न.पा.-१० स्थित रहेको टि.यु किर्केट ग्राउण्ड बाहिर पार्किङ गरी राखेको ठाउँबाट साझ ४:३० वजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार - Pulsar 150 CC
मो.सा. नम्बर : Bagmati Province 02-040 Pa 7515
चेसिस नं. MD2A11CX5NPC20505
इन्जिन नं. DHXPNC02038
रङ्ग - कालो, रातो
सम्पर्क - 9865690871

## Groundwater Resources and Irrigation Development Division
Parsakhairahani, Chitwan

**NOTICE ON INVITATION FOR BIDS**

***Date of Publication: BS 2079/11/08 (AD 2023/02/20 )***

1. Groundwater Resources and Irrigation Development Division Office, Khairahani Chitwan invites NCB from eligible bidders for Costruction of Tubewells, Pumphouse and MS Fitting Works and Pipe distribution works. bidders shall submit their bid with valid drilling licence for drilling works

| S.N. | IFB Number | Description of works | Security Period from the last date of Submission | Estimated Amount without of VAT, Contingencies & PS (NPR) | Bid Security Amount (NPR) | Bid fee for Bid Document Purchase (NPR) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB16/079/080 (PH-DIS-PM) | Construction of Pump House, MS Fitting works and Pipe distribution works at Hetauda-13 Padampokhari, Makawanpur. | 120 days | 29,59,710.11 | 80000.00 | 3000.00 | NCB |
| 2 | NCB17/079/080 (TW-RAT) | Construction of 13 Nos. of 150 mm size and 54 m depth Tube Well at different location of Ratnanagar Na.Pa.-13,14,15 & 16. | 120 days | 6622884.58 | 175000.00 | 3000.00 | NCB |
| 3 | NCB18/079/080 (TW-JP) | Construction of 5 Nos. of 150 mm size and 42 m depth Tube Well at different five location of Ratnanagar Na.Pa.-09 Jaspaltole, Chitwan. | 120 days | 2119217.49 | 60000.00 | 3000.00 | NCB |
| 4 | NCB19/079/080 (TW-KHR) | Construction of 4 Nos. of 150 mm size Tube Well at different four location of Khairahani Na.Pa.2, Chitwan. | 120 days | 2041436.14 | 55000.00 | 3000.00 | NCB |

**Further informations to Bidders**

| | |
|---|---|
| Last Date and time of Bid Submission | BS 2079/12/08 ( AD 2023/03/22) Upto 12.00 PM |
| Date, Time and Place of Bid Opening | BS 2079/12/08 ( AD 2023/03/22) at 13.00 PM at GWRIDD, Khairahani, Chitwan |
| Account No. for Bid Document Purchase | Revenue title No. **14229**, Rastriya Banijya Bank ,Bharatpur, Chitwan Acc Name: **1000100200010000** and Office Code No. **3130131013**, Groundwater Resource and Irrigation Development Division Chitwan |
| Account No. for Bid Security Deposit | The Bidders shall furnish a bid security from commercial Bank or authorised financial institutions valid for **30** days beyond the validity period of bid or deposit the bid security at **Ko.Le.Ni.Ka., Chitwan ( Provincial Unit Treasury), Acc. No 1310100202030000, Rastriya Banijya Bank, Bharatpur, Chitwan Office Code: 3130131013, Groundwater Resource and Irrigation Development Division Chitwan** |

2. Elligible Bidders shall submit their Bid electronically only. For e-bidding visit PPMO's e-procurement web portal http//bolpatra.gov.np/egp.

3. The employer reserves the right to accept or reject in whole or partial any or all the bids without assigning reason whatsoever.

**Division Chief**

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALI BIN SALEH BIN AWAD AL AMRI BAKERY
पूर्व स्वीकृति मिति २०७९/११/०५ LT. No. 280967 चलानी नं. ६०१९६८०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 1 | 0 | 1000 | ३५,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PIONEERING DEVELOPMENT COMPANY FOR MAINTENANCE AND CLEANING ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति २०७९/११/०५ LT. No. 281266 चलानी नं. ६०१९६७९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 30 | 0 | 1000 | ३५,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1218/074/075
**Mansur Manpower Pvt.Ltd.**
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal, Mobile :9801101712, 9801101715
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BELLA PIZZERIA ITALIANO RESTAURANTS
पूर्व स्वीकृति मिति २०७८/१२/३० पुन विज्ञापन स्वीकृति मिति: २०७९/११/०७ LT. No. 260670 चलानी नं.६०१७७८७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workers | 10 | 0 | 150 | ५२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
(Multidisciplinary Manpower Recruitment Agency)
Tokha -5, Basundhara, Kathmandu, Tel.: +977-1-4016621,4016638
Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np
श्रम ईजाजत नं.५३५/०६१/०६२

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI DELTA COMPANY FOR POWER PROJECTS LTD.
पूर्व स्वीकृति मिति : २०७९/०३/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०७ LT. No. 265712 चलानी नं.६०१८१७११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 6 | 0 | 1500 | ५२,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : L AND T HYDROCARBON SAUDI COMPANY
पूर्व स्वीकृति मिति : २०७९/११/०२ LT. No. :280956 चलानी नं. ६०१९६४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Labour | 100 | 0 | 1000 | ३५,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL AMARA INTERNATIONAL TRADING & CONTRACTING COMPANY LTD.
पूर्व स्वीकृति मिति : २०७९/११/०२ LT. No. 281045 चलानी नं. ६०१९६४६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 2 | 0 | 1800 | ६३,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Worker | 1 | 0 | 1200 | ४२,०४० | | | | | | | |
| 3 | Scaffolding Erector | 2 | 0 | 1200 | ४२,०४० | | | | | | | |
| 4 | Spray Coating Worker | 1 | 0 | 1300 | ४५,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PERAK DUCK FOOD INDUSTRIES
पूर्व स्वीकृति मिति २०७९/०८/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०७ LT. No. 276268 चलानी नं. ६०१९२०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 0 | 1 | 1500 | ४४,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com
श्रम ईजाजत नं ९५७/०६७/०६८

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAUNDRIES ABD-AL MUHSIN KHALID BIN RASSAM BAJIRI FOR CAR SERVICES
पूर्व स्वीकृति मिति २०७९/१०/२५ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०७ LT. No. 280662 चलानी नं. ६०१९६८०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Worker | 4 | 0 | 1000 | ३५,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

प्रभाव दैनिक

रूपशाला

## संगमको 'जुलपी' मा लोभिए नवराज

कवि नवराज पराजुलीको नयाँ गीत 'जुलपी' सार्वजनिक भएको छ। मोहन बेघाको संगीत, नवराजकै शब्द र रिदम कँडेलको स्वरमा रहेको गीतले प्रेमकथा बोल्छ। कविता र गीत बाट्दै बाट्दै बनाइएको यो प्रयोगात्मक कलामा संगीत संयोजन रिदम कँडेलको छ। गीतको भिडिओमा नवराज पराजुली र संगम विष्टको अभिनय छ। स्टेजलाई नै लुडो बनाएर लुडोमै खेल्दै नाच्दै एक जोडी कहाँसम्म पुग्छन् भिडियोले देखाएको छ। संगम लामो समयपछि अभिनयमा देखिएकी हुन्। उनले धेरै अगाडि फिल्म 'लभयु बाबा' बाल कलाकारको रूपमा अभिनय गरेकी थिइन्।



सोमबार, ८ फागुन २०७९ (Monday, February 20, 2023)



# संगीतको अविराम यात्रामा कौशल

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'झुम्कावाली बठानियाँ दिल चुराके लेगई' सायद यो भोजपुरी गीत नसुन्ने श्रोता कमै होलान्। विशेषगरी तराई र पश्चिम नेपालमा अत्याधिक लोकप्रिय गीत हो यो। जुन गीत एक समय मेला महोत्सवमा यो गीत बजेकै हुन्थ्यो।

यी गीतमात्र नभएर 'नथियावाली'जस्ता दर्जनौं लोकप्रिय गीतका गायक तथा संगीतकार हुन् अर्जुन कौशल। नामको अन्तिम शब्दजस्तै नेपाली लोकपप गीतका प्रखर एवं कौसल गायक अर्जुनले यही क्षेत्रमा डेढ दशकभन्दा बढी बिताइसकेका छन्। उनी भन्छन्, 'यो यात्रा मेरो सास भइञ्जेल जारी रहन्छ।' भनिन्छ, 'जहाँ इच्छा, त्यहाँ उपाय'। यस्तै, आफ्नो इच्छाअनुरूप गीतसंगीतलाई करिअर बनाएका गायक कौसल अहिले व्यस्त गायक बनेका छन्। उनी भन्छन्, 'मलाई बाल्यकालदेखिकै गायक बन्ने रहर र सोच थियो। अहिले ती रहर पूरा गर्न पाउँदा खुसी छु।'

२०३६ साल १ चैत गते पाल्पामा जन्मिएका अर्जुनको बाल्यकाल निकै संघर्षमय रह्यो। उनी ती दिन स्मरण गर्दै उनी भन्छन्, 'त्यतिबेला परिवारको आर्थिक अवस्था कमजोर थियो। त्यसैले निकै दुःख बेहोर्नु परेको थियो।' तर, विस्तारै अर्जुनको दैनिकी परिवर्तन हुँदै गयो। कुनै बेला चिया पसलमा समेत काम गर्न भ्याएका अर्जुन भन्छन्, 'तर, आफ्नो इच्छालाई मार्न दिन्न भन्ने ममा दृढता थियो किनकि सानैदेखि मलाई कलाकार बन्ने हुटहुटीले छोएको थियो।'

आफ्नो रहर पूरा गर्न अर्जुनले ०५५/५६ तिर 'आउने दसैंमा' नामक एल्बम ल्याए। अर्जुनको उक्त पहिलो एल्बमलाई दर्शक तथा श्रोताले रुचाए पनि। त्यसपछि नै उनको सांगीतिक यात्राले मूलबाटो समातेको हो।

'गायक अर्जुन' भनेर चिनिन थालेपछि उनी झनै हौसिए। र, लगातार एल्बम निकाल्दै गए। त्यसक्रममा उनी दर्जनौं एल्बमका गायक बने। अर्जुनले ०५८ मा 'चौतारी', ०५९/६० मा चौतारी भाग-२ 'मनकी रानी', ०६१ मा चौतारी भाग-३ 'मायाको चिनो', ०६२ मा चौतारी भाग-४ 'मायाको चिनो' र ०६३ मा चौतारी भाग-५ 'म त कालीपारि' ल्याए। उनी भन्छन्, 'यी एल्बम ल्याएपछि दर्शक तथा श्रोताको मायाले म थप हौसला र उर्जा मिल्यो।'

त्यसपछि ०६४ मा 'भिरको बाटो', ०६५ मा 'लाहुरे', 'लाहुरे-२', 'गोर्खाली पल्टन' जस्ता गीत पस्किए। यी एल्बममा अर्जुनकै शब्द, स्वर र संगीतबद्ध ८/८ वटा गीत समेटिएका छन्।

ती गीतले अर्जुनको गति झनै बढ्दै गयो। उनी रोकिएनन्, ०६६ मा 'मनै त हो', 'भिरको बाटो-२', ०६७ मा 'कहाँ छ्यौं कहाँ', ०६८/६९ मा 'भूकम्प', 'भिरको बाटो-३', 'घुमिघुमि नाचिदेऊ सोल्टिनी', ०७३ मा 'मस्तमगन', ०७४ मा 'आँखा लोभी मन पापी' र ०७५ मा 'डम्फु मादल' गीत ल्याए। ती गीत उनी स्टेज कार्यक्रममा चम्किए। मेला महोत्सवहरूमा उनको उपस्थिति अनिवार्यजस्तै बन्यो।

हालसम्म अर्जुनले तीन सयभन्दा बढी गीतमा शब्द/संगीत दिइसकेका छन् सयौं उत्रि नै संख्यामा गाएका छन्। अर्जुनले ०६९ मा रेडियो नेपालबाट स्वर परीक्षणमा उत्कृष्ट ठहरिएका थिए। सन् २०१८ फेब्रुअरीमा गीत गाएरै 'गिनिज वर्ल्ड रेकर्ड'को प्रशंसा पत्र समेत पाएका अर्जुन संगीत उद्योग संघ, प्रस्तोता समाज, रोयल्टी संकलक समाज, लोकदोहोरी प्रतिष्ठान नेपाललगायत विभिन्न दर्जन संघसंस्था आवद्ध छन्।

नेपाली गीतसंगीतमा पुऱ्याएको योगदानवापत अर्जुन विभिन्न पुरस्कार र सम्मानबाट सम्मानीत भइसकेका छन्। 'नेशनल पावर न्युज म्युजिक अवार्ड-२०१८', 'अमिन नेशनल म्युजिक अवार्ड-२०१९', 'रारा राष्ट्रिय म्युजिक अवार्ड-२०७९', 'पाँचौं राप्ती म्युजिक अवार्ड-२०७३'लगायतका अवार्डबाट सम्मानीत भइसकेका उनी भन्छन्, 'सम्मान र अवार्ड पनि कलाकारको सम्पति हो।'

पछिल्लो समय काठमाडौंको अनामनगरमा एस. स्टुडियो प्रालीअन्तर्गत एस. अडियो रेकर्डिङ स्टुडियो र रेम्बो म्युजिक सञ्चालन गर्दै आएका अर्जुन भन्छन्, 'संगीत क्षेत्रमा अझै धेरै गर्नुछ किनकि संगीत भनेको अविराम यात्रा हो।'

# गोपी मैनालीको 'अभिव्यञ्जना यात्राप्रति' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सरकारका पूर्वसचिव, समालोचक तथा निबन्धकार गोपी मैनालीको 'अभिव्यञ्जना यात्राप्रति' कृतिको लोकार्पण गरिएको छ।

आइतबार राजधानीमा एक समारोहबीच कुटनीतिज्ञ एवं भाषाविद् जयराज आचार्यले समालोचनात्मक कृतिको लोकार्पण गरेका हुन्।

प्रकाशक सुरभि साहित्य प्रतिष्ठानले आयोजना गरेको लोकार्पण समारोहमा समालोचक डा. लेखप्रसाद निरौला र ठाकुर शर्माले २ सय ६० पृष्ठ लामोको कृतिको समीक्षा गरेका थिए।

कृतिमा ३२ वटा समालोचना संग्रहित छन्। महाकवि लक्ष्मीप्रसाद देवकोटा, बीपी कोइराला, गुरूप्रसाद मैनाली, माधवप्रसाद घिमिरे, पारिजात, रमेश विकल, हरिभक्त कटुवालसम्मको सिर्जनाको समालोचना लेखक मैनालीले गरेका हुन्। समारोहमा कूटनीतिज्ञ एवं भाषाविद् जयराज आचार्य, पूर्वमुख्यसचिव विमल कोइराला, डा. गार्गी शर्मा लगायतले लेखक मैनाली र कृतिबारे चर्चा गरेका थिए।

लेखक मैनालीले आफूले साहित्यिक समालोचनाको शुरूआत एसएलसी पास गरेपछि नै गरेको स्मरण गरे। 'अभिव्यञ्जना यात्राप्रति' प्रकाशन गर्ने निधो झण्डै चार दशकअघि नै गरेको उनले बताए। २०४० देखि २०७९ सालसम्म लेखिएका समालोचनाहरू कृतिमा समावेश गरेको उनले जानकारी दिए।

मैनालीका 'अवसाद' 'अभिनयी' (निबन्धसंग्रह), 'आँखाभरि रमिता मनभरी वेदना' (नियात्रा), 'युगकवि सिद्धिचरण: कृति र प्रवृत्ति विश्लेषण' (समालोचना), 'अपेक्षा र अनुभूति' (सामयिक निबन्ध), 'घाउ आफैलाई दुख्छ' (निबन्धसंग्रह) लगायत कृतिहरू यसअघि प्रकाशित छन्।



१२औं पुष्पलाल स्मृति ब्याडमिन्टन

# पुलिसका प्रिन्सलाई ह्याट्रिक उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पुलिस क्लबका प्रिन्स दाहालले '१२औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिता, २०२३' को एकलतर्फको उपाधि जितेका छन्।

नेपाल ब्याडमिन्टन संघको शीर्ष १६ वरीयता भित्र रहेका पुरुष एकलतर्फको फाइनलमा आइतबार आर्मीका प्रफुल महर्जनलाई पराजित गर्दै राष्ट्रिय च्याम्पियन प्रिन्सले उपाधि उचालेका हुन्।

प्रिन्सले प्रफुललाई २१-१४, २१-१७ ले पराजित गरे। पहिलो सेट सहज जित निकालेका दाहालले दोश्रो सेटमा १-८ ले पछि परेको अवस्थालाई सुधार गर्दै २१-१७ को जित निकाल्दै खेललाई आफ्नो पक्षमा पारेका थिए।




प्रिन्सको ८ दिन भित्रमा यो प्रफुल माथिको दोश्रो जित हो। यस अघि ईटहरीमा सम्पन्न प्रथम मुख्यमन्त्री सरगमाथा राष्ट्रिय बरियता ब्याडमिन्टन प्रतियोगितामा पनि प्रफुललाई हराउँदै प्रिन्सले उपाधी उचालेका थिए। यस विधामा पुलिसका बिष्णु कटुवाल र आर्मीका रुकेश महर्जन संयुक्त तेश्रो भए।

यस्तै प्रिन्सले यस प्रतियोगिताको लगातार तीन संस्करणको उपाधि जित्दै ह्याट्रिक पूरा गरेका छन्।

उपाधिसँगै प्रिन्सले नगद ५० हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे। यस्तै उपबिजयी प्रफुलले नगद ३० हजार र तृतीय स्थान प्राप्त गर्ने बिष्णु कटुवाल र रुकेश महर्जनले क्रमश १४ हजार र १२ हजार ५ सय सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे। बिजयी खेलाडीहरूलाई पूर्व प्रधानमन्त्री नेकपा एमालेका अध्यक्ष के.पी. शर्मा ओलीले पुरस्कार वितरण गरेका थिए।

नेकपा एमालेको भातृसंस्था नेपाल खेलकुद महसंघ अन्तरगत रहेको राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको महिला शीर्ष १२ वरीयता भित्रको एकलतर्फ आर्मीकी अनुमाया राईले उपाधि जितिन्।

८ दिन अघि ईटहरीमा सम्पन्न प्रथम मुख्यमन्त्री सगरमाथा राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिताकी उपाधी विजेता एपिएफकी जेशिका गुरुङलाई १८-२१, २१-१७, २१-६ ले पराजित गर्दै अनुमायाले उपाधी हात पारेकी हुन्। अनुको यो जितका साथ पुष्पलाल स्मृति राष्ट्रिय वरियता ब्याडमिन्टन प्रतियोगितामा लगातार दोश्रो जित हो। यस विधाको तेश्रो स्थानमा राष्ट्रिय च्याम्पियन आर्मीकी रशिला महर्जन र प्राथना देउवा रहे।

उपाधि अनुमायाले नगद ५० हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे। यस्तै उपबिजयी जेशिका गुरुङले नगद २८ हजार ५ सय सहित मेडल, ट्रफी र प्रमाणपत्र, तृतीय स्थान हासिल गर्ने रशिला महर्जनले नगद १२ हजार ५ सय र प्राथना देउवाले नगद ११ हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

लगातार तीन संस्करणमा जित हात पार्ने खेलाडीलाई राष्ट्रिय ब्याडमिन्टन संघ, नेपालले स्कुटर प्रदान गर्ने घोषणा बमोजिम अर्को संस्करणको उद्घाटनका अवसरमा प्रिन्सलाई स्कुटर प्रदान गरिने छ।

पुरुषको शीर्ष १६ बरियता देखि बाहेकको पुरुष एकलमा आर्मीका पविन लिनथेपलाई पराजित गर्दै एपिएफका सुजन थापाले उपाधी हात पारे। थापाले लिनथेपलाई २१-१५, २१-१३ ले पराजित गरेका थिए। आर्मीका हिमाल चन्द र एपिएफका प्रनिश सिंह ठकुरीले तेश्रो स्थानमा चित्त बुझाए।

महिला शीर्ष १२ देखि बाहेकको एकल तर्फको खेलमा आर्मीकी बिश्ना बिष्टले झापाकी अन्जना राईमाथि १९-२१, २१-१९, २१-१९ को कठिन जित निकालदै उपाधी कब्जा गरेकी हुन्। पाँचथरकी रिना तामाङ र आर्मीकी टिशा रानी शाक्य संयुक्त तेश्रो भए।

पुरुष यु १७ तर्फको प्रतिस्पर्धामा एपिएफका रोशन साउदले जित हात पार्दै उपाधी उचाले। साउदले फाईनलमा आर्मीका अनिल मल्ललाई २१-११, २१-१५ ले पराजित गर्दै उपाधी उचालेका हुन्। आर्मीका कविर के.सी. र दाङका सनौला रैनी संयुक्त तेश्रो भए।

महिला यु १७ तर्फ आर्मीकी रिहाना शेरचनले आर्मीर्क टिशा रानी शाक्यलाई २१-१०, २१-१६ ले पराजित गर्दै उपाधी कब्जा गरिन्। कास्कीकी निभा राई र ताप्लेजुङ्गकी नुमा लिम्बुले संयुक्त तेश्रो स्थान प्राप्त गरे।

पुरुष ४५ बर्ष माथिको प्रतिस्पर्धामा काठमाण्डौका संजय कपाली र श्याम लामाको जोडीले उपाधी जिते। कपाली र लामाको जोडीले कास्कीका राजेश गुरुङ र बाँकेका अनिल लाखेको जोडीलाई २२-२४, २१-१२, २१-१६ ले पराजित गर्दै उपाधी जितेका हुन्। सुनसरीका भजनलाल चौधरी र ईटहरीका सन्त तामाङ तथा बेलबारीका दीपक आङ्गदम्बे र मोरङका बिकास श्रेष्ठको जोडी संयुक्त तेश्रो भए।

पुरुष ५५ बर्ष माथिको प्रतिस्पर्धामा पाँचथरका रामराज आङ्गदम्बे र संजय भक्तराजको जोडीले जित हात पार्दै उपाधी उचाले। फाईनलमा आङ्गदम्बे र भक्तराजको जोडीले कास्कीका रमेश भट्टचन र खोटाङका दीपक राईको जोडीलाई १७-२१, २१-११, २१-१० ले पराजित गरेका हुन्। बि.बि.सी.का केशव कार्की र आर.के. सिंहको जोडी तथा सुनसरीका गणेश राई र भोजपुरका दान बहादुर तामाङको जोडी संयुक्त तेश्रो भए।

आर्मीका बिष्णु कटुवाल र प्रिन्स दाहालको जोडीले एपिएफका बिजीत थापा मगर र पुलिसका जीवन आचार्यको जोडीलाई पराजित गर्दै पुरुष युगल तर्फको उपाधि उचाले। बिष्णु र प्रिन्सको जोडीले बिजीत र जीवनको जोडीलाई १४-२१, २१-९, २१-१७ ले पराजित गरेका हुन्। आर्मीका प्रफुल महर्जन र रुकेश महर्जनको जोडी तथा कास्कीका विधान अधिकारी र पविन लिनथेपको जोडी संयुक्त तेश्रो भए।

महिला युगलतर्फ एपिएफकी शोभा गौचन र पुलिसकी निता लम्सालको जोडीलाई पराजित गर्दै त्रिभुवन आर्मीका प्राथना देउवा र अनुमाया राईले उपाधी उचाले। देउवा र राईको जोडीले गौचन र लम्सालके जोडीलाई २१-१२, २१-१९ ले पराजित गरेका हुन्। तृतीय स्थानमा एपिएफका जेशिका गुरुङ्ग र सुनयना मुखियाको जोडी रहे।

# महिला टिम स्वदेश फिर्ता



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय महिला फुटबल टोली स्वदेश फर्किएका छन्।

भारतसँगको दुई मैत्रीपूर्ण खेल खेलेर नेपाली टोली आइतबार दिउँसो स्वदेश फर्किएका हुन्।

नेपाली टोलीलाई एन्फाका प्रवक्ता सुरेश शाह लगायतका पदाधिकारीले त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा स्वागत गरे।

नेपालले भारतसँग चेन्नईमा दुई मैत्रीपूर्ण खेल खेलेको थियो।

चेन्नईस्थित जवाहरलाल नेहरू स्टेडियममा शनिबार भएको दोस्रो मैत्रीपूर्णमा नेपालले घरेलु टोलीसँग गोलरहित बराबरी खेलेको थियो।

त्यसअघि बुधबार भएको पहिलो मैत्रीपूर्णमा नेपालले भारतसँग २-२ गोलको बराबरी खेलेको थियो। दुई गोलको अग्रता उल्टाएर नेपालले घरेलु टोलीसँग रोमान्चक बराबरी खेलेको थियो। नेपालका लागि दुबै गोल सावित्रा भण्डारीले गरेकी थिइन्।

ओलम्पिक छनोटको तयारी स्वरूप भारतले नेपाललाई दुई मैत्रीपूर्ण खेलका लागि निमन्त्रणा दिएको हो।

# एनसिएसएसमा पराजुली

■ प्रभाव संवाददाता

**बुटवल –** नेपाली क्रिकेट समर्थक समाज (एनसिएसएस) को सातौं वार्षिक साधारण सभा तथा चौंथो अधिवेशन सम्पन्न भएको छ। आइतबार बुटवलमा आयोजित अधिवेशनले आगामी २ वर्षका लागि नयाँ कार्यसमिति समेत निर्वाचित गरेको छ।

नारायण पराजुलीको नेतृत्वमा सर्वसम्मत चयन भएको नयाँ कार्यसमितिमा उपाध्यक्षमा रेजिना बस्नेत, सचिवमा मोहन ज्ञवाली, सह सचिवमा नारायण पाण्डे चयन भएका छन् त्यस्तै कोषाध्यक्षमा अच्युत पाण्डे लाई मनोनित गरिएको छ। सदस्यमा भने तारा पाठक, केदार शर्मा, अविन कार्की र सविन पोख्रेल निर्विरोध चयन भएका छन्।

सस्थापन , आजिबन र जिल्ला प्रतिनिधिहरूको सहभागीता रहेको कार्यक्रममा समर्थक समाजले हरेक वर्ष प्रदान गर्ने उत्कृष्ट जिल्लाको सम्मान यस वर्ष जिल्ला समन्वय समिति रूपन्देहीलाई प्रदान गरेको छ। आफ्ना सदस्य जिल्लाहरूमा सक्रियता र पछिल्लो एक वर्षको कामलाई आधार मानेर उत्कृष्ट जिल्ला सम्मान पाएको हो। अघिल्लो वर्ष यस सम्मान पाल्पाले पाएको थियो।

साधारण सभाले संस्थाको नियमित गतिविधिलाई निरन्तरता दिदै सदस्यता वृद्धि, जिल्ला समन्वय समितिको विस्तारमा जोड, नेपाल क्रिकेट संघ (क्यान) सरोकारवालाको हरेक गतिविधि चुस्त निगरानी गर्ने निर्णय गरेको छ। त्यस्तै नेपाली क्रिकेट सरोकारवालासँग निरन्तर अन्तरक्रिया लगायत आफ्नो जिम्मेवारी र भूमिकालाई अझ सक्रिय रूपमा अघि बढाउने भएको छ।

कार्यक्रममा एनसिएसएसका अध्यक्ष नारायण पराजुलीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। सदस्य केदार शर्माले संस्थाको गतिविधि तथा प्रगति प्रस्तुत गरेका थिए।


नेपाली क्रिकेट विकासमा ठूलो योगदान पुर्याएको एनसिएसएसले सम्वन्धित निकायलाई लगातार गलत कामकोविरुद्ध आवाज उठाउँदै आएको छ त्यस्तै संस्थाले कमजोर आर्थिक अवस्था भएको खेलाडी र क्रिकेटमा योगदान दिएकालाई आर्थिक अभियान मार्फत सहयोग गर्दै आएको छ। नेपाली क्रिकेटमा एनसिएसएस उदाहरणीय संस्था (ग्रूप) र विश्वसनियको रूपमा स्थापित भएको छ। नेपाली क्रिकेट समर्थकको सर्वाधिक विश्वसनिय र लोकप्रिय ग्रूपको रूपमा एनसिएसएस छ। अन्त्यमा निर्वाचित कार्यसमितिलाई निर्वाचन समिति संयोजक शिवराज गौतमले प्रमाणपत्र प्रदान गर्नुका साथै सपथ ग्रहण गराएका थिए।



**चीनको उखुखेती** | दक्षिणपश्चिम चीनको गुइझाउ प्रान्तको गुआनलिङ बुइ र मियाओ स्वायत्त काउन्टीको दुआनकियाओ टाउनमा उखुको हेरचाह गर्दै एक किसान।

*तस्बिरः सिन्ह्वा*

# पूर्वराष्ट्रपति कार्टर अब आफ्नै घरमा रहने



**एटलाण्टा-** अमेरिकाका पूर्वराष्ट्रपति जिमी कार्टरले अतिरिक्त चिकित्सा हस्तक्षेपको सट्टा घरमै अस्पताल हेरचाह प्राप्त गर्ने र आफ्नो बाँकी समय आफ्नो परिवारसँग बिताउने निर्णय गरेका छन्। उनी कलेजो र मस्तिष्क रोगबाट पीडित छन्।

चिकित्सक टोलीको रेखदेखमा घरमै आराम गर्ने निर्णय पूर्वराष्ट्रपतिले गरेका कार्टर सेन्टरले शनिबार एक वक्तव्य निकालेर बताएको हो। अमेरिकाको इतिहासमा ह्वाइट हाउसबाट बाहिरिएपछि लामो जीवन बाँच्ने पूर्वराष्ट्रपति ९८ वर्षीय कार्टर हुन्। उनले जनवरी १९७७ देखि जनवरी १९८१ सम्म अमेरिकाको ३९औं राष्ट्रपतिका रूपमा देशको नेतृत्व गरेका थिए।

आर्थिक संकटबाट गुज्रिएको अमेरिकी अर्थतन्त्रलाई गतिशील तुल्याउनेदेखि इरान संकट, ऐतिहासिक इजिप्ट-इजरायल शान्ति सन्धी गराउनेसम्मको केन्द्रीय भूमिका निर्वाह गरेका पूर्वराष्ट्रपति कार्टर पूर्वअभिनेता तथा क्यालिफोर्नियाका गभर्नर रोनाल्ड रेगनसँग सन् १९८० को चुनावमा पराजित भएका थिए।

मानवीय सहायता, गरिबीको चपेटामा परेका अफ्रिकी महादेशका मुलुकका साथै विश्वका अन्य भागमा बढेको द्वन्द्व अन्त्य गर्न पूर्वराष्ट्रपति कार्टरले नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए। अन्तर्राष्ट्रिय द्वन्द्वको शान्तिपूर्ण समाधान खोज्न, लोकतन्त्र र मानवअधिकारको रक्षाका साथै आर्थिक एवं सामाजिक विकासको प्रवर्द्धनमा अथक प्रयास गरेबापत उनलाई सन् २००२ मा नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो। *रासस/एपी*

# अमेरिका र रुसबीच आरोप प्रत्यारोप

**वासिङटन-** युक्रेन युद्धलाई लिएर अमेरिका र रुसबीच आरोप प्रत्यारोपको सिलसिला सुरु भएको छ। रुसले युक्रेनमा मानवताविरुद्ध अपराध गरेको आरोप अमेरिकाले लगाएको भोलिपल्ट मस्कोले युक्रेन संकटलाई उक्साउने प्रयास वासिङटनले गरेको बताएको छ।

अमेरिकी उपराष्ट्रपति कमला हचारिसले म्युनिख सुरक्षा सम्मेलनलाई शनिबार सम्बोधन गर्दै युक्रेनमा मानवताविरुद्ध अपराध गर्नेलाई दण्ड दिनुपर्नेमा जोड दिएको भोलिपल्ट संयुक्त राज्य अमेरिकाका लागि रुसी राजदूत अनातोली एन्टोनोभले रुसलाई राक्षस बनाउने प्रयास गरिएकामा रोष प्रकट गरेका हुन्।



अमेरिकाले करिब एक वर्ष लामो युक्रेन युद्धमा ३० हजारभन्दा बढी युद्ध अपराधका घटना रुसी पक्षबाट भएका अमेरिकाले बताउँदै आएको छ। अमेरिकी उपराष्ट्रपतिले उक्त संख्या उल्लेख नगरी रुसले मानवता विरुद्धको अपराध गरेको बताउनुभएको थियो। रुसी राजदूतले आफ्नै कामको औचित्य प्रमाणित गर्न अमेरिकाले युक्रेनी संकटलाई उकास्न खोजेको आरोप पनि लगाएका छन्।

युक्रेनमा संयुक्त राष्ट्रसंघको समर्थन प्राप्त जाँचबुझ आयोगले युद्ध अपराधको पहिचान गरे पनि ती मानवता विरुद्धका अपराध हुन् वा होइनन् भन्नेबारेमा कुनै निष्कर्ष निकालेको छैन तर अमेरिकाले रुसले युक्रेनमा मानवता विरुद्धका अपराध गरेको बारम्बार दोहोऱ्याउँदै आएको छ। *रासस/एपी*

# टर्की भूकम्पः ४६ हजारभन्दा बढीको मृत्यु



**इस्तानबुल-** टर्कीको पूर्वीभाग र छिमेकी सिरियामा गत माघ २३ गते भएको भूकम्पमा परी ४६ हजारभन्दा बढीको मृत्यु भएको छ भने हजारौं घाइते भएका छन्। टर्कीको कहरामनमारसलाई केन्द्रबिन्दु बनाएर सात दशमलव आठ म्याग्निच्युडको भूकम्पबाट १० वटा प्रान्तमा अकल्पनीय क्षति भएको छ।

विपद् तथा आपत्कालीन व्यवस्थापन प्राधिकरणले आइतबार साँझदेखि खोजी तथा उद्धार स्थगन गरिने जनाउँदै चार लाख ३० हजार मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको बताएको छ। साथै, खोज तथा उद्धारमा १३ हजार स्वयंसेवक एवं अन्य सहायताकर्मी परिचालन गरिएको जनाइएको छ।

हालसम्म टर्कीमा ४० हजार ६४२ जना तथा सिरियामा पाँच हजार ८०० जनाले ज्यान गुमाएका दुवै देशका सरकारी अधिकारीले बताएका छन्। उनीहरूले मृतकको संख्या बढ्नसक्ने जनाएका छन्। टर्कीमा तीन लाख ४५ हजार भवन भत्केका छन् भने भग्नावशेषमा धेरै हराइरहेका छन्।

विश्व खाद्य कार्यक्रमले सिरियामा मानवीय सहायता सामग्री परिचालनमा कठिनाइ भएको जनाउँदै अवरोध नगर्न सम्बद्ध पक्षसँग आग्रह गरेको छ। उत्तरपश्चिम सिरियामा मानवीय सहायता उपलब्ध गराउन कठिन भएको उक्त संस्थाले बताएको छ। सिरियाली अधिकारीहरूले भूकम्पप्रभावित क्षेत्रमा आफ्नो पहुँचमा अवरोध खडा गरेको आरोप उक्त संस्थाले लगाएको छ। *रासस/एएफपी*

# उत्तर कोरियाद्वारा लामो दूरीको क्षेप्यास्त्र परीक्षण

**सोल-** अमेरिका र दक्षिण कोरियाले संयुक्त सैन्य अभ्यासको तयारी गरिरहेको बेला उत्तर कोरियाले लामो दूरीको क्षेप्यास्त्र परीक्षण गरेको छ। उत्तर कोरियाले शनिबार आफ्नो राजधानीबाट जापानको समुद्रमा लामो दूरीको क्षेप्यास्त्र प्रक्षेपण गरेको हो।

अमेरिका र दक्षिण कोरियाको भावी संयुक्त सैनिक अभ्यासबाट क्रुद्ध भएको उत्तर कोरियाले अमेरिका र आफ्नो छिमेकी कोरियाविरुद्ध कडा कदम चाल्ने धम्की दिएको भोलिपल्ट क्षेप्यास्त्र परीक्षण गरेको हो। दक्षिण कोरियाली र जापानी सेनाका अनुसार क्षेप्यास्त्र छिमेकीहरूको इलाकामा नपुगोस् भन्ने ध्येयका साथ सावधानीपूर्वक प्रहार गरिएको थियो। एक घण्टामा अधिकतम पाँच हजार ७०० किलोमिटरको उचाइमा पुग्ने तथा करिब ९०० किलोमिटर पर प्रहार गर्ने क्षमताका क्षेप्यास्त्र प्योङयाङले परीक्षण गरेको हो।

क्षेप्यास्त्रका जानकारहरूका अनुसार शानिबार परीक्षण गरिएको अन्तरमहादेशीय उक्त क्षेप्यास्त्र गत नोभेम्बरमा उत्तर कोरियाले गरेको शक्तिशाली क्षेप्यास्त्राजस्तै थियो। अमेरिकी मुख्यभूमिसम्म प्रहार गर्ने क्षमताको उक्त क्षेप्यास्त्रको हुनसक्ने उनीहरूको अनुमान छ।

जापान सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले ओशिमा टापुबाट करिब २०० किलोमिटर पश्चिममा रहेको जापानको विशेष आर्थिक क्षेत्रभित्र खसेको क्षेप्यास्त्रबाट कुनै क्षति नभएको बताएका छन्। ओशिमा होक्काइडोको उत्तरी मुख्य टापुको पश्चिमी तटमा अवस्थित छ।

यसैबीच युएस इन्डो-प्यासिफिक कमाण्डले उक्त प्रक्षेपणबाट अमेरिकी कर्मचारी, क्षेत्र वा यसका सहयोगीहरूलाई तत्काल जोखिम नभएको बताएको छ भने ह्वाइट हाउस राष्ट्रिय सुरक्षा परिषद्ले अनावश्यक रूपमा कोरियाली प्रायद्वीपमा तनाव बढाएको जनाएको छ।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलको कार्यालयले उत्तर कोरियाले क्षेत्रीय तनाव बढाएको आरोप लगाएको छ। साथै उसले उत्तरको निन्दा गरेको छ। आर्थिक समस्या र खाद्यान्न समस्याबाट गुज्रिएको प्योङयाङले आणविक हतियार विकासलाई तीव्र गतिमा अघि बढाएर अन्तर्राष्ट्रिय प्रतिबन्ध निम्त्याएको टिप्पणी गरेको छ।

जापानका प्रधानमन्त्री फुमियो किशिदाले उक्त परीक्षणबारे दक्षिण कोरिया र अमेरिकासँग निकट सम्पर्कमा रहेर कुराकानी गरिरहेको बताएका छन्। उत्तर कोरियाको पछिल्लो कार्यले अन्तर ाष्ट्रिय व्यवस्थालाई उत्तेजित बनाएको बताएका छन्। *रासस/एपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FALLOW DEER RESTAURANT & CAFE**

पूर्व स्वीकृति मिति २०७९/०७/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०७ | LT No. 274575 | चलानी नं. ६०१९०१६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 1 | 0 | 1300 | ४५,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pastry Chef | 1 | 0 | 1300 | ४५,९१५ | | | | | | | |
| 3 | Waiters | 6 | 0 | 1200 | ४२,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैँले  सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Access Partners Nepal Pvt. Ltd.** Gov.Lic.No. : 1101/073/074

Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-4355897

E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FAISAL OMAR BIN MOHAMMAD AL-MASARI FACTORY FOR INDUSTRY**

पूर्व स्वीकृति मिति २०७९/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०७ | LT. No. 280702 | चलानी नं. ६०१९६१४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Spray Paint Agent | 5 | 0 | 1500 | ५२,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## रूस/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SINOPEC ENGINEERING GROUP RUSSIA LLC**

पूर्व स्वीकृति मिति २०७८/०७/०५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०७ | LT. No. 249182 | चलानी नं. ६०१४२०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 45 | 0 | 500 | ६५,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 30 | 0 | 600 | ७८,७८० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः ८०,०००

कम्पनी : **PERAK DUCK FOOD INDUSTRIES**

पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०७ | LT. No. 276268 | चलानी नं. ६०१९२०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 0 | 10 | 1500 | ४४,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**

Maharajganj-03, Basundhara, Kathmandu, Nepal

Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800

E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com

Website : www.allskillsintl.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १०२५०० | प्रति तोला – १०२००० | प्रति तोला – १२७५ |



**शिवपुरीमा लालीगुराँस** | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको वनमा फुलेको गुराँस । यो वर्ष समयमा वर्षा नहुँदा गुराँस फुल्ने समयमा पनि धेरै फुलेको देखिँदैन । *तस्बिरः हरिराम भेटुवाल/रासस*

नेपाल-भारत ऊर्जा सचिवस्तरीय बैठक

## अन्तरदेशीय विद्युत् व्यापारका लागि उच्च क्षमताका प्रसारणलाइन बनाइने

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको दशौं बैठकले दुई मुलुकबीचको विद्युत प्रसारणलाइन विस्तार र व्यापार प्रवर्द्धनमा महत्वपूर्ण निर्णय गरेको छ। नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालकाय सचिव दिनेश कुमार घिमिरे र भारत सरकारको विद्युत मन्त्रालयका सचिव आलोक कुमारको सहअध्यक्षतामा शनिबार भारतको राजस्थानस्थित माउन्ट आबुमा सम्पन्न बैठकले अन्तरदेशीय विद्युत व्यापारका लागि उच्च क्षमताका प्रसारणलाइन निर्माणलाई अगाडि बढाउने निर्णय गरेको छ।

बैठकमा शुक्रबार सम्पन्न दुई देशबीचका सहसचिवस्तरीय संयुक्त कार्यदलले ऊर्जा गरेको सिफारिसमाथि छलफल भएको थियो। विद्युत् उत्पादन, प्रसारण र व्यापारका लागि संयुक्त निर्देशक समितिको बैठक कोशेढुंगा भएको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए।

बैठकमा सहभागी कार्यकारी निर्देशक घिसिङले नेपालले भारतको प्रसारण ग्रिडको प्रयोग गरी बंगलादेश विद्युत निर्यातका लागि राखेको प्रस्तावलाई भारतले सकारात्मक रूपमा लिंदै निर्यात गरिने जलविद्युत आयोजनाको नाम पठाएपछि आवश्यक सहमति दिने निर्णय भएको उल्लेख गरे।

'बंगलादेश विद्युत् निर्यात गर्ने आयोजनाको प्रस्ताव स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत प्राधिकरण समक्ष बढाउने र प्राधिकरणले आवश्यक परीक्षण गरी भारत सरकाले जारी गरेको विद्युत आयात/निर्यात (क्रस बोर्डर) निर्देशिकाको परिधिभित्र रहेर सहमति दिने निर्णय भएको छ', कार्यकारी निर्देशक घिसिङले भने, 'इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत विद्युत् बिक्री गर्न अहिले हामीले एक वर्षको स्वीकृति पाउँदै आएकोमा यसलाई एक वर्षभन्दा बढाउन प्रस्ताव गरेका थियौं यसलाई जाँच गरी पुनरावलोकन गर्ने र अन्य थप आयोजनाहरूको विद्युत निर्यातका लागि हामीले पेश गरेका प्रस्तावहरूलाई प्रक्रिया पुर्‍याएर स्वीकृति दिने सहमति भएको छ साथै रियल टाइम मार्केटमा सहभागी हुन गरिएको प्रस्ताव परीक्षणको क्रममा रहेको भारतीय पक्षले जानकारी गराएको छ।'




घिसिङले नेपाल-भारत अन्तर सरकारी सम्झौताको आधारमा नेपालबाट दीर्घकालीन रूपमा विद्युत् निर्यातका लागि प्रस्ताव गरिएकोमा भारतीय पक्षले यसलाई सकारात्मक रूपमा लिंदै नेपालबाट प्रस्ताव प्राप्त गरेपछि जाँच गरी आवश्यक निर्णय लिइने जानकारी गराएको बताए। बैठकले टनकपुरबाट नेपालले विद्युत आयात मात्र गर्दै आएकोमा अब निर्यात पनि गर्न पाउने निर्णय गरेको छ। बैठकले टनकपुर-महेन्द्रनगर १३२ केभी सिंगल सर्किट प्रसारणलाइनबाट अप्रिलबाट जुनसम्म ७० मेगावाट र जुलाइबाट मार्चसम्म ८० मेगावाट विद्युत दुवैतर्फ प्रवाह गर्न सहमति दिएको छ।

'यसबाट सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाहरूमास्थित जलविद्युत आयोजनाको विद्युत बर्खाको समयमा भारतको केन्द्रीय प्रसारण प्रणालीमा निर्यातका लागि बाटो खुलेको छ,' कार्यकारी निर्देशक घिसिङले भने, 'साथै हाल रहेको प्रसारणलाइनको क्षमता विस्तार गर्ने या २०० केभीको नयाँ प्रसारणलाइन निर्माण गर्ने भन्ने बारे सम्भावित विकल्पहरू खोज्न संयुक्त प्राविधिक समूहलाई निर्देशक दिएको छ।' नेपालले १३२ केभी तथा त्यसभन्दा कम क्षमताका प्रसारणलाइनमार्फत भारतीय बजारमा विद्युत् निर्यातका लागि राखेको प्रस्तावमा भारतले प्रस्ताव अन्तरराज्य प्रणाली कारोबारको भएको र प्रसारण शुल्क, चुहावटआदि विषय रहेकोले केन्द्रीय विद्युत प्राधिकरणले भारतका निकायहरूसँगको समन्यमा टुङ्गो लगाउने निर्णय भएको छ।

नेपाल र भारतबीच विद्युत् आयात निर्यातका लागि इनरुवा पूर्निया र नयाँ लम्की (दोदोधारा) र बरेली ४०० केभी प्रसारणलाइन क्रमश : सन् २०२७ २८ र २०२८ र २९सम्ममा सम्पन्न गर्ने गरी कार्यान्वयमा लैजाने निर्णय भएको छ।

नेपालले उक्त प्रसारणलाइनहरू नयाँ बुटवल-गोरखपुर प्रसारणलाइनको लगानी मोडालिटमै बनाउने प्रस्ताव गरेको थियो। लगानी लगानी मोडालिटीलाई चाँडै टुग्याउने सहमति भएको छ। यी दुई प्रसारणलाइन निर्माण भएपछि दुई मुलुकबीचको विद्युत आयात निर्यातका लागि ४०० केभी क्षमताका पाँच वटा प्रसारणलाइनहरू हुन छन्।

नयाँ बुटवल-गोरखपुर लाइन कार्यान्वयन तथा प्रसारण सेवा सम्झौता छिट्टै सम्पन्न गर्ने र लाइन मार्च २०२५सम्ममा निर्माण सम्पन्न गर्ने निर्णय भएको छ। हाल सञ्चालनमा रहेको ढल्केबर मुजफ्फरपुर ४०० केभी पहिलो अन्तरदेशीय प्रसारणलाइनबाट आयात निर्यात भइरहेको विद्युत क्षमतालाई ६०० मेगावाटबाट बढाएर ८०० मेगावाट पुर्‍याउने निर्णय भएको छ।

बैठकले संखुवासभामा भारतीय सरकारको स्वामित्वको सतलज जलविद्युत निगमले निर्माण गरिरहेको अरुण तेस्रो जलविद्युत आयोजनाको निर्माणाधीन ढल्केबर सीतामढी (भारत) ४०० केभी प्रसारणलाइनबाट समेत विद्युत आदान प्रदान गर्न अध्ययनको लागि संयुक्त प्राविधिक टोलीलाई निर्देशन दिएको छ। कार्यकारी निर्देशक घिसिङले भने,'उक्त प्रसारणलाइनको क्षमता करिब २ हजार मेगावाट हो, खरुण तेस्रोका विद्युत प्रवाह भएपछि जगेडामा रहने करिब एक हजार एक सय मेगावाटको क्षमता प्रयोग गर्न प्राविधिक पक्ष अध्ययन गर्ने निर्णय भएको छ, सतलजले नै निर्माण गर्ने तल्लो अरुण निर्माण हुन केही समय लाग्छ, त्यतिवेलासम्म उक्त लाइन हामीले प्रयोग गर्न पाउनु सकारात्मक हो।' भारतीय पक्षले अरुण तेस्रोको प्रसारणलाइन निर्माणमा भोजपुर, खोटाङ, उदयपुरलगायतका जिल्लामा जग्गा अधिग्रहण, स्थानीयको अवरोधलगायतमा विषयमा नेपाली पक्षको गम्भीर ध्यानाकर्षण गराएको थियो। साथै, कोशी राजमार्ग निर्माणमा भइरहेको ढिलाइका कारण पावर ट्रान्सफर्मरलगायतका ठूला उपकरणहरू लैजान नसकिंदा निर्माण तालिका प्रभावित हुन सक्ने भएकोले राजमार्ग निर्माणमा सहजीकरण गरिदिन भारतीय पक्षले आग्रह गरेको थियो। नेपाली पक्षले समस्या समाधान गरी तोकिएकै समयमा आयोजना निर्माण सम्पन्न गर्ने वातावरण निर्माणका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएको छ। आयोजनाको निर्माण मार्च २०२४भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

कटैया( बिहार)-कुशवा (नेपाल) १३२ केभी प्रसारणलाइनको दोस्रो सर्किट मार्च २०२३भित्र निर्माण सम्पन्न गर्ने निर्णय भएको छ। भारततर्फ पर्ने लाइन भारत आफैंले आफ्नो खर्चमा निर्माण गर्ने छ। रक्सौल-परवानीपूर १३२ केभी प्रसारणलाइनको दोस्रो सर्किट अप्रिल/मे २०२३मा निर्माण सम्पन्न गर्ने निर्णय भएको छ। भारततर्फ पर्ने लाइन भारत आफैंले आफ्नो खर्चमा निर्माण गर्नेछ। नेपाल र भारतको उत्तर प्रदेश जोड्ने मैनहिया-सम्पत्तिया १३२ केभी डबल सर्किट प्रसारणलाइनलाई जोड्न भारतको सम्पत्तिया (न्यू नौतनुवा) सबस्टेसनमा गर्नु पर्ने आवश्यक काम सेप्टेम्बर २०२३भित्र सम्पन्न गर्ने निर्णय भएको छ। भारततर्फको सबस्टेसनको काम भारत आफैंले आफ्नो खर्चमा निर्माण गर्ने छ।

यसैगरी, नानपारा (भारत)-कोहलपुर १३२ केभी डबल सर्किट प्रसारणलाइन जनवरी २०२४ भित्र निर्माण सम्पन्न गर्ने निर्णय भएको छ। भारततर्फ पर्ने लाइन भारत आफैंले आफ्नो खर्चमा निर्माण गर्नेछ।

नेपालमा सौर्य लगायतका ऊर्जा क्षेत्रमा परामर्श सेवा तथा क्षमता अभिबृद्धि उपलब्ध गराउन भारतको एनटिपिसीसँग समझदारी पत्रमा छिट्टै हस्ताक्षर हुने भएको छ। बैठकमा हरित हाड्रोजनको क्षेत्रमा द्विपक्षीय सहयोग गर्ने निर्णय भएको छ। संयुक्त निर्देशक समितिको ११ औं बैठक ६ महिनापछि चितवनमा बस्ने निर्णय भएको छ।

## ५ वर्षे बचतपत्र जारी गर्दै राष्ट्र बैंक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले ५ वर्षे अवधिको नागरिक बचतपत्र जारी गर्ने भएको छ। बैंकले चैत ६ गतेदेखि २ अर्ब ५० करोड रूपैयाँ बराबरको नागरिक बचतपत्र २०८४ 'क' जारी गर्न लागेको हो।

बचतपत्रको ब्याजदर ११.५० प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ। इच्छुक खरिदकर्ताले फागुन १० गतेदेखि ३० गतेसम्म आवेदन दिन सक्नेछन्।

राष्ट्र बैंकका अनुसार सो बचतपत्रको ब्याजदर ६र६ महिनामा भुक्तानी हुनेछ। उक्त ब्याज खरिदका लागि रकम बुझाएकै मितिदेखि निष्काशन मितिभन्दा अघिल्लो दिनसम्मको तोकिएको ब्याजदरमा खण्डित अवधिको ब्याज रकम भुक्तानी दिइने राष्ट्र बैंकले जनाएको छ। बैंकका अनुसार स्टक वा प्रमिशरी नोटको रूपमा बचतपत्र लिन सकिने छ। स्टक वा प्रमिशरी नोटमध्ये आफूले लिन चाहेको प्रमाणपत्रको किसिम आवेदन फारममा खुलाउनुपर्नेछ। नखुलाएको प्रमिशरी नोट प्रमाणपत्र उपलब्ध गराइने र लेखपढ गर्न नजान्ने व्यक्तिलाई स्टक प्रमाणपत्र दिइने बैंकले जनाएको छ।

रीतपूर्वक पेश नभई अस्वीकृत भएका आवेदनसाथ जम्मा हुन आएको रहकम बिना ब्याज निष्काशन मितिको ७ दिन भित्र फिर्ता गरिने बैंकले जनाएको छ।

## कृषि विकास बैंकको सिइओमा गुरुङ

**काठमाडौं (प्रस)–** कृषि विकास बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ) मा गोविन्द गुरुङ नियुक्त भएका छन्। बैंकको सञ्चालक समितिको बैठकले गुरुङलाई सिइओ नियुक्त गरेको हो।

बैंकको सिइओका लागि २२ जनाले खुला प्रतिस्पर्धात्मक प्रतियोगिताबाट पदपूर्ति गर्नका लागि आवेदन दिएका थिए जसमध्ये ५ जनाको नाम सर्ट लिष्टिङमा परेका थिए। सर्टलिष्टमा परेकाहरूको शनिबार अन्तर्वार्ता भएको थियो। उक्त अन्तर्वार्ताबाट गुरुङ छानिएका हुन्। गुरुङले ४



वर्षको कार्यकाल सम्म यस बैंकको सिईओ पदमा बसेर काम गर्नेछन्। उनलाई शैक्षिक योग्यता, अनुभव, उल्लेखनीय कार्य तथा व्यवसायिक कार्ययोजनाको मूल्याङ्कनका आधारमा गुरुङ छानिएका हुन्।

## दोल्ती पावरको आइपिओ आजदेखि

**काठमाडौं (प्रस)–** दोल्ती पावर कम्पनीले सोमबार आईपिओ निष्काशन गर्दै छ। कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा वैदेशिक रोजगरीमा रहेका नेपालीहरूका लागि उक्त आइपीओ निष्कासन गर्न लागेको हो।

कम्पनीले ५३ करोड ६४ लाख ८६ हजार रूपैयाँको १० प्रतिशत अर्थात ५ करोड ३६ लाख ४८ हजार ६०० रूपैयाँ बराबरको प्रतिशेयर १०० रूपैयाँ दरका ५ लाख ३६ हजार ४८६ कित्ता साधारण सेयर आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरूका लागि सोमबार निष्काशन गर्न लागेको हो। कम्पनीले आयोजना अति प्रभावित क्षेत्र दैलेख जिल्लाको नोमुले र कालिका गाविसमा बसोबास गर्ने स्थानीय बासिन्दाहरूको लागि २ लाख ६८ हजार २४३ कित्ता छुट्याएको छ। आयोजना प्रभावित क्षेत्र दैलेख जिल्लाको स्थानीय बासिन्दाहरूको लागि २ लाख ६८ हजार २४३ कित्ता शेयर बाँडफाँड गरीने कम्पनीले जनाएको छ।

कम्पनीले सर्वसाधारणका लागी छुट्याइएको सेयरको १० प्रतिशतले हुन आउने १ करोड ७ लाख २९ हजार ८०० रूपैयाँ बराबारको प्रतिशेयर १०० रूपैयाँअंकित दरको १ लाख ७ हजार २९८ कित्ता सेयर नेपाल सरकारको सम्बन्धित् निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरूका लागि निष्कासन गर्न लागेको हो।

आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरूले उक्त आइपीओमा फागुन २५ गतेसम्ममा आवेदन दिन सक्नेछन्। सो अवधिसम्ममा पूर्ण आवेदन नपरेको खण्डमा आवेदन दिने म्याद चैत ७ गतेसम्म लम्बिने कम्पनीले जनाएको छ। त्यसैगरी, वैदेशिक रोजगारमा रहेकाहरूले कम्पनीको आइपीओमा फागुन २५ गतेसम्म आवेदन दिन सक्नेछन्। सो आइपिओमा न्यूनतम १० देखि अधिकतम १० हजार कित्तासम्मका लागि आवेदन दिन सकिनेछ। दोल्ती पावर कम्पनीले आइपिओ निष्काशनको लागि गराएको रेटिङ्गमा इक्रा नेपालले कम्पनीलाई इक्राएनपी आईआर डबल बी रेटिङ्ग प्रदान गरेको छ। यसले कम्पनीको दायित्व बहन गर्ने क्षमतामा औषत जोखिम रहेको संकेत गर्दछ। कम्पनीको सेयर बिक्री प्रबन्धकमा भने एनआईसी एशिया क्यापिटल लिमिटेड रहेको छ।

## भन्सार महसुल उठाउन हुम्लाबाट काठमाडौंमा

**सुर्खेत (प्रस)–** हुम्लाको यारी भन्सार कार्यालयमा रहेका कर्मचारीले उधारोमा भन्सार महसुल राख्ने गरेका छन्। चीनबाट आएका सामग्री बुझ्ने व्यापारी हिल्सामा नआएपछि उधारोमा सामानको विवरण तयार गरेर उधारोमा राख्नु परेको हो।

चीनले यारी नाका एकतर्फी खुलाएको छ। कार्यालय प्रमुख रामराज जैसी हिल्सामा पुगेर आयात भएको सबै सामानको विवरण र लाग्ने भन्सार दस्तुरको बिल काटे पनि रूपैयाँ असुल गर्न नसकेको बताएका छन्। हाल व्यापारी र निर्माण व्यवसायी सबै काठमाडौं रहेको कारण सो भन्सार महसुल असुल गर्न उनी काठमाडौं पुगेका छन्।

सबै व्यापारीसँग उनको काठमाडौंमा सम्पर्कसमेत भइसकेको छ। चीनबाट आयात भएको सामानको भन्सार महसुल १० लाख रहेको र त्यसका एक लाख ८० हजार मात्र असुल भएको थियो भने ८ लाख २० हजार रूपैयाँ असुल गर्न बाँकी छ। भन्सार दस्तुर असुल भएको सामानमा खाद्यान्न र लत्ताकपडाको मात्र छ।

असुल गर्न बाँकी रकम विकास निर्माण सामग्रीको रहेको छ। अब काठमाडौंमै असुल गरेर नगद जम्मा गरिने भएको छ। पुस १३, १७, १८ र २१ गते गरी चार पटक एकतर्फी रूपमा चीनले नाका खुलाएर सामान नेपाल पठाएको थियो।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक
National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ